प्र २६८
२०८१४१३

प्रो ३५
०८०।०४।१६


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
( ........................................ महाशाखा)
पोष्ट बक्स नं. ३३३९, बबरमहल, काठमाडौं, नेपाल

महानिर्देशक : ४२३३५१०
उप-महानिर्देशक : ४२२४९४३, ४२५६४६९
प्रशासन शाखा : ४२२०४८२
आर्थिक प्रशासन शाखा : ४२२७८९१
फ्याक्स : ४२२०१५९
रिसेप्सन : ४२२०४८२, ४२६९४९१


पत्र संख्या:- २०८०।८१
चलानी नं.:- ३९

मिति:२०८०/०४/१६

श्री वन तथा वातावरण मन्त्रालय
योजना अनुगमन तथा समन्वय महाशाखा
सिंहदरबार, काठमाडौं ।

वन तथा ... मन्त्रालय
दर्ता नं.: ४०२ मिति: ४/१६
समय: ........

विषय: बार्षिक कार्यक्रम कार्यन्वयन कार्यविधि पठाईएको बारे ।

उपरोक्त सम्बन्धमा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको आ.व २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रमहरुको, "बार्षिक कार्यक्रम कार्यन्वयन कार्यविधि" स्वीकृतिको लागि यसै साथ संलग्न राखी पठाईएको आदेशानुसार अनुरोध छ ।

२०८०।०४।१६
बिष्णु प्रसाद ढकाल
(सहायक योजना अधिकृत)

विषयसूची


१. पृष्ठभूमिः ........ 3

२. कार्यविधिको प्रारूपः ........ 4

३. कार्यविधि तयारीको उद्देश्यः ........ 4

४. कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शनः ........ 5

५. जनशक्ति व्यवस्थापन तथा समयसिमा ........ 6

वन अनुसन्धान तथा सर्वेक्षण आयोजना (३२९०४१०१) ........ 7

वन सर्वेक्षण तथा कार्वन मापन शाखा ........ 7

वन सम्वर्धन शाखा ........ 14

वन पैदावर सदुपयोग शाखा ........ 22

बायोमेट्री शाखा ........ 24

योजना तथा नीति कार्यक्रम प्रभावकारीता अध्ययन शाखा ........ 29

दुर संवेदन तथा नक्शांकन शाखा ........ 40

माटो प्रयोगशाला ........ 51

केन्द्रीय वन पुस्तकालय ........ 54

शहरी तथा कृषि वन शाखा ........ 56

केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र (३२९०६०११) ........ 60

समृद्धिका लागि वन कार्यक्रम (३२९००१०५) ........ 63


महानिर्देशक

# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

## वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

## बबरमहल, काठमाण्डौं

२०८०

महानिर्देशक

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।


नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरवार, काठमाण्डौ

योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)


पत्र संख्या :- ०८०/८१
चलानी नं. :- ३४०
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०८०/०९/०१

विषयः कार्यविधि स्वीकृत भएको बारे ।

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

बबरमहल, काठमाणडौ ।

उपर्युक्त सम्बन्धमा तहाँ केन्द्रबाट आ.व. २०८०/०८१ मा सञ्चालन हुने कार्यक्रमहरू कार्यान्वयनका लागि तयार गरी स्वीकृतिका लागि पेस भएको "वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" उपर कारबाही हुँदा श्री अर्थ मन्त्रालयको च.नं. ३५९ मिति २०८०/०८/०८ को प्राप्त सहमतिपत्रमा उल्लेखित तपसिलका सर्तहरू अनुरुप स्वीकृत हुन सहमति प्राप्त भएकोले विनियोजन ऐन, २०८० को दफा ९ उपदफा २ बमोजिम वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्री स्तर) को मिति २०८०/८/२२ को निर्णयानुसार उक्त कार्यविधि स्वीकृत भएको ब्यहोरा अनुरोध छ ।

तपसिलः

१. स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही तथा उपलब्ध जनशक्तिको उच्चतम परिचालन हुने व्यवस्था सहित कार्यक्रम सञ्चालन गर्ने गरी कार्यविधि तर्जुमा र कार्यान्वयन हुने
२. विद्धमान आर्थिक क्रियाकलाप सम्बन्धी प्रचलित कानुनको प्रतिकूल नहुने एवं थप आर्थिक व्ययभार समेत नबढ्ने गरी कार्यविधि स्वीकृत गर्ने ।
३. अनुदान सहायतामा सम्झौताको विषयसँग अनुकूलन हुने कार्यक्रम सञ्चालन हुने गरी कार्यविधि कार्यान्वयनको व्यवस्था गर्ने ।

सुरेन्द्र राज पन्त

वैज्ञानिक अधिकृत

## १. पृष्ठभूमिः

नेपालको वन स्रोत सर्वेक्षण गर्ने उद्देश्यले वि.स. २०१९ सालमा स्थापना भएको यस केन्द्र विभिन्न समयमा भएको नेपालको प्रशासनिक परिवर्तनसँगै विभिन्न नामले सञ्चालन हुँदै हाल २०७५ सालबाट वन मन्त्रालय अन्तर्गत रहेको तालिम केन्द्र समेत समावेश भई वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको रूपमा स्थापना भएको हो । स्थापना कालमा फरेष्ट रिसोर्स सर्भे कार्यालयको रूपमा स्थापना भएको यस केन्द्रबाट तत्कालिन अवस्थामा नेपालको तराई र पहाडी क्षेत्रको केही भागको हवाई चित्रबाट वन स्रोत सर्वेक्षण गर्ने कार्यको थालनी गरिएको थियो । यसका अतिरिक्त यस केन्द्रले नेपालका अन्य क्षेत्रको हवाई चित्रको अध्ययन र उपयोगबाट वनस्रोत सर्वेक्षण हुदै राष्ट्रिय स्तरको वन क्षेत्रको तथ्याङ्क प्रकाशन गर्दै आएको छ । यस्तै Remote sensing imagery को प्रयोग गरेर नेपालको Land cover लाई विभिन्न ११ प्रकारमा वर्गिकरण गरी नेपालको National Land cover Monitoring System को स्थापना तथा सञ्चालन गरी प्रत्येक वर्षको वनक्षेत्रमा भएको परिवर्तनको अध्ययन अनुसन्धान गर्दै आइरहेको छ ।यसका साथै वन क्षेत्रमा आएका नविनतम प्रविधिहरूजस्तै Terrestrial Lidar, Tomograph etc प्रयोग गरेर विभिन्न अध्ययन अनुसन्धानहरू हुँदै आएको छ ।

विगतमा वन अनुसन्धानका कार्यक्रमहरु राष्ट्रिय वन योजना २०३३ तथा वनक्षेत्रको गुरुयोजना, २०४४ अन्तर्गतको वन अनुसन्धान तथा प्रसार योजनाद्वारा निर्देशित रहि आएका थिए । वन व्यवस्थापनका विभिन्न आयामहरुमा आएको परिवर्तन, प्रविधि विकास, वन तथा वातावरणको क्षेत्रमा देखा परेका नवीन चुनौतिहरु, वन व्यवस्थापक तथा उपभोक्ताहरुका आवश्यकता एवं चाहनालाई सम्बोधन गर्न विद्यमान नीति योजना र कार्यक्रमहरु अपुग रहेको महशुस गरिएको छ । यस्ता वनक्षेत्रमा रहेका विद्यमान सवालहरूलाई सम्बोधन गर्नका लागि यस केन्द्रबाट वन सम्वर्धन शाखा, शहरी तथा कृषि वन शाखा, वन पैदावार सदुपयोग शाखा, बायोमेट्री शाखा, जैविक विविधता तथा जलाधार अध्ययन शाखाहरू मार्फत अध्ययन अनुसन्धान गर्दै यस्ता अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाहरूलाई वनक्षेत्रको ऐन, नियम र नीतिहरू तर्जुमा प्रयोग गरिने गरिएको छ ।यसको अतिरिक्त यस केन्द्रको वन प्रशिक्षण महाशाखाले तालिमका माध्यमबाट प्रविधिमा

महानिर्देशक

आएको परिवर्तन तथा नयाँ ज्ञान र सीपहरू प्रदान गरी वन सेवामा कार्यरत कर्मचारीहरूका लागि चुस्त र दुरूस्त राख्ने काम गर्दै आएको छ ।

यसै सन्दर्भमा यस यस केन्द्रबाट सञ्चालन हुने विभिन्न अध्ययन अनुसन्धान, वन सर्वेक्षण र तालिम लगायतका कार्यहरू सञ्चालन गर्नका लागि नेपाल सरकारद्धारा स्वीकृत यस आ.व.मा चार वटा कार्यक्रमहरू रहेका छन् । सो कार्यक्रमहरू मध्ये तीन वटा (वन अनुसन्धान तथा सर्वेक्षण आयोजना-बजेट उपशीर्षक नं. ३२९०४०१०१, केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र-बजेट उपशीर्षक नं. ३२९०६०११ र समृद्धिका लागि वन-बजेट उपशीर्षक नं. ३२९००१०५) कार्यक्रमहरु सञ्चालनका लागि यो कार्यविधि तयार गरिएको छ ।साथै स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप, कार्यक्रम/क्रियाकलापको उद्देश्य, कार्यक्रम/क्रियाकलाप सञ्चालन प्रक्रिया, आवश्यक जनशक्ति र अपेक्षित उपलब्धीहरू यस कार्यविधिले समेटिएका छन् ।

## २. कार्यविधिको प्रारूपः

यस कार्यविधिमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गतको चालु आ.व. २०८०/०८१ मा स्वीकृत भएका वार्षिक कार्यक्रमहरू सञ्चालनका लागि विनियोजित बजेटको आधारमा वन अनुसन्धान तथा सर्वेक्षण आयोजना (३२९०४१०१), केन्द्रीय वन तालिम तथा प्रसार आयोजना (३२९०६०११) र समृद्धिका लागि वन-बजेट उपशीर्षक नं. ३२९००१०५) कार्यक्रमका स्वीकृत वार्षिक कार्यक्रम अनुसारका कार्यक्रम/क्रियाकलापहरू यस कार्यविधिमा समेटिएका छन् ।

## ३. कार्यविधि तयारीको उद्देश्यः

- विभिन्न महाशाखा र शाखाहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूको बारेमा थप स्पष्टता प्रदान गर्ने,
- कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरूपता तथा समान बुझाई ल्याउने,
- सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्नुका साथै सञ्चालित क्रियाकलापहरूको दिगो उपभोग गर्न सहयोग पुर्याउने,
- सरल तथा सहज तरिकाबाट सेवा प्रवाह गर्ने ।

महानिर्देशक

४. **कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शनः**

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु पर्ने ।
- कार्यक्रम सञ्चालन गर्नुभन्दा पहिले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले स्वीकृत गरेको Research Protocol बमोजिम Protocol र प्रस्ताव तयार गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा प्रस्तुतिकरण गरी अन्य विज्ञहरूको सुझाब बमोजिम Research Protocol र प्रस्ताव तयार गरी केन्द्रबाट स्वीकृत गराएर गर्नु पर्नेछ र उक्त स्वीकृत Research Protocol र प्रस्ताव अनिवार्य रूपमा योजना तथा नीति कार्यक्रम प्रभावकारिता अध्ययन शाखामा समेत पेश गर्नु पर्नेछ ।
- कामको प्रकृति र स्वीकृत बजेटको परिमाण एवम् आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, सार्वजनिक खरिद ऐन, २०६३ , सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र वन तथा वातावरण सम्बन्धी कानूनका साथै अन्य प्रचलित कानून बमोजिम आपूर्तिकर्ता, परामर्शदाता सेवाप्रदायक, निर्माण व्यवसायी, विषय विशेषज्ञहरूको सेवा खरिद गरी वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।
- कार्यक्रमहरूको स्वीकृत बजेट खर्च गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्मश्, कार्यक्रम सञ्चालन निर्देशिका, मार्गदर्शन, जिल्ला दररेट र कार्यविधि अनुरूप लागत अनुमान तयार गर्नुपर्नेछ ।
- यस कार्यविधिमा उल्लेख नभएका तर स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरू समेत प्रचलित ऐन नियम नर्मश्, निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा भए गरेको प्रत्येक महिनाको प्रगति विवरण, उक्त कार्यक्रमले सृजना गरेको रोजगारीको विवरणहरू अनिवार्यरूपमा योजना तथा नीति कार्यक्रम प्रभावकारिता अध्ययन शाखामा पेश गर्नु पर्नेछ ।

महानिर्देशक

## ५. जनशक्ति व्यवस्थापन तथा समयसिमा

केन्द्रको प्राविधिक कर्मचारीको नियमित रेखदेखबाट सञ्चालन गर्नुपर्ने क्रियाकलापहरू आवश्यकता र औचित्यको आधारमा प्रचलित ऐन नियमको परिधि भित्र रहि अमानतबाट कार्यक्रमहरू सञ्चालन गरिने छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा कार्यरत रहेका मौजुदा कर्मचारीहरूको उच्चतम परिचालन गरी कार्य सम्पादन गरिनेछ ।केन्द्रमा रहेको मौजुदा जनशक्तिको संख्या कम हुने र ज्ञान, सीप, दक्षता न्यून रहेको क्षेत्रका कार्यक्रमहरू सञ्चालन गर्दा प्रचलित नियम कानूनको अधिनमा रही परामर्श सेवा खरिद गरी कार्यक्रम कार्यान्वयन गरिने छ । यसका अतिरिक्त आवश्यकता अनुरुप विभिन्न विषय विशेषज्ञको सेवा समेत खरिद गरी कार्यक्रम कार्यान्वयन गरिने छ । साथै विभिन्न अध्ययन अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्दा वन र वातावरण सम्बन्धी विश्वविद्यालयको सहकार्यमा समेत कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

- सामान्यतया पहिलो त्रैमासिक अवधिमा कार्यक्रमहरूको Research Protocol र Research proposal तयारी, सर्वेक्षण र लागत अनुमान तयारी एवम् स्वीकृती, सरोकारवाला निकायहरूसँग छलफल, आवश्यकता र औचित्यका आधारमा सेवा प्रदायक संस्था छनौट, विषय विशेषज्ञ छनौट, कार्यादेश दिने कार्यसम्पन्न गरी दोस्रो र तेस्रो त्रैमासिक भित्र पूर्ण रुपमा तयार गरी चौथो त्रैमासिक भित्र कार्य सम्पन्न गरी प्रतिवेदन तयार गर्नु पर्नेछ तर उच्च हिमाली क्षेत्रका हकमा चौथो त्रैमासिकमा पनि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

महानिर्देशक

वन अनुसन्धान तथा सर्वेक्षण आयोजना (३२९०४१०१)

वन सर्वेक्षण तथा कार्वन मापन शाखा

कार्यक्रम नं :२.७.७.४६५

कार्यक्रमको नाम :तराईमा रहेका स्थायी नमुना प्लटहरू मापन गर्ने

पृष्ठभूमिः

नेपालका प्राकृतिक स्रोत तथा साधनहरुको विकास, सदुपयोग तथा दिगो व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने योजना तर्जुमा गर्नको लागि तथा नेपाल पक्ष राष्ट्र भएका विभिन्न सन्धि, सम्झौता तथा कार्यक्रमहरुमा नियमित र आवधिक सुचना प्रवाह गर्ने अभिप्रायले नेपालको विभिन्न भौगोलिक क्षेत्र तराई, चुरे, मध्य पहाड, उच्च पहाड र उच्च हिमाली क्षेत्रहरूमा स्थायी नमुना प्लटहरू स्थापना गरी प्रत्येक पाँच पाँच वर्षमा उक्त प्लटहरूबाट तथ्याङ्क संकलन गर्ने गरिएकोमा चालू आर्थिक वर्षमा नेपालको तराई क्षेत्रमा रहेका मध्ये बाँकी रहेका स्थायी नमुना प्लटहरुबाट तथ्याङ्क संकलन गर्ने कार्य रहेकोले यस कार्यक्रम राखिएको हो ।

कार्यक्रम सञ्चालन विधि :

यस कार्यक्रममा यसै केन्द्रले विभिन्न समयमा स्थापना गरेका स्थायी नमूना प्लटहरुको पुनः मापन गरिने छ। यो अध्ययन सम्पन्न गर्न आवश्यकता अनुसार प्रोटोकल, कार्य विवरण, लागत अनुमान तयार गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट स्वीकृत गराई कार्यान्वयन गरिने छ । तथ्याङ्क संकलन कार्य मुख्य गरी Forest Resource Assessment in Nepal _Re-measurement of Permanent Sample Plots, Field Manual २०२२ अनुसार गरिने छ।

यस कार्यक्रम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका प्राविधिक जनशक्तिहरु, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका अन्य विभाग तथा निकायका प्राबिधिकहरु वा आवश्यकताका आधारमा विज्ञहरूको सेवा खरिद गरि कार्य सञ्चालन गरिनेछ। यस कार्यक्रममा वन विज्ञान विषयमा अध्ययनरत इन्टर्न विद्यार्थीहरुको समेत परिचालन गर्न सकिने छ।

यस कार्यक्रमको लागि बिनियोजित बजेट, तालिम, दैनिक भ्रमण भत्ता, फिल्ड गियर, सवारी साधन भाडा, इन्धन, विज्ञ सेवा खरिद मार्फत खरिद गरिने विज्ञको तलब तथा भत्ता, स्थानीय स्रोत व्यक्ति तथा ज्यामीको

पारिश्रमिक र अन्य विविध (मापन सामाग्री, फिल्ड गियर, प्राथमिक उपचार, सञ्चार, ब्याट्री, प्रिन्टिङ्ग सामाग्री आदि) शिर्षकमा खर्च गरिनेछ ।

**जनशक्तिः**

यो कार्यक्रम संचालन गर्न म्यानुअल अनुसार प्रति टोली एक एक जना crew leader, assistant crew leader, technical assistant र ecologist गरी जम्मा चार जना प्राविधिक कर्मचारीहरुको आवश्यकता पर्दछ। यस कार्यक्रम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका प्राविधिक जनशक्तिहरु, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका अन्य विभाग तथा निकायका प्राविधिकहरुबाट संचालन गरिने छ | यस कार्यक्रममा स्नातक तहमा अध्ययनरत वन विज्ञान विषयमा अध्ययनरत इन्टर्न विद्यार्थीहरुको समेत परिचालन गर्न सकिने छ | यसरी मौजुदा जनशक्तिले अपुग रहेमा आवश्यकताका आधारमा विज्ञ सेवा खरिद गरी कार्य सञ्चालन गरिनेछ। वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका अन्य विभाग तथा निकायका प्राविधिकहरु यस कार्यक्रम सञ्चालनको लागि खटाउन नसकिएमा तपशिल बमोजिमका जनशक्तिहरु विज्ञ सेवा खरिद मार्फत व्यवस्था गरिने छ ।

**तपशिल:**

| सि नं | आवश्यक जनशक्ती | संख्या | न्युनतम शैक्षिक योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|
| १ | Ecologist | ४ | वनस्पति शास्त्र वा वातावरण वा प्राकृतिक स्रोत व्यवस्थापन वा अन्य मिल्दो विषयमा स्नातक तह उत्तीर्ण गरी कम्तिमा २ वर्षको अनुभव वा उल्लेखित विषयमा स्नातोकोत्तर | मासिक तलब नेपाल सरकारको अधिकृत स्तर र सोहि अनुसारको दैनिक भ्रमण भत्ता उपलव्ध गराईने छ। |
| २ | Forest Technical Assistant | ४ | वन विज्ञान विषयमा कम्तिमा प्रमाण पत्र तह उत्तीर्ण गरी कम्तिमा २ वर्षको अनुभव वा उल्लेखित विषयमा स्नातक | नेपाल सरकारको रा.प.अ.प्र.प्रा. स्तरको तलव र सोही तह अनुसार को दैनिक भ्रमण भत्ता उपलव्ध गराईने छ । |

महानिर्देशक

यस अलावा स्थलगत रुपमा तथ्याङ्क संकलन गर्न प्रति दिन प्रति प्लट एक जना स्थानीय स्रोत व्यक्ति र प्रति दिन प्रति प्लट मापन कार्यमा सहयोग गर्न, उपकरण मापन स्थल सम्म लैजान र ल्याउन, झाडी वुट्यान सफा गर्न, स्याम्पल जम्मा गर्ने कार्यमा सहयोग गर्न पाँच जना ज्यामी आवश्यकता पर्दछ |

**तालिम :**

राष्ट्रिय वनस्रोत सर्वेक्षण कार्यको लागि तालिम अत्यावश्यक रहेको हुनाले कार्यक्रम सञ्चालन पूर्व अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ । यस कार्यक्रमको लागि वन तथा वातावरण मन्त्रालयको स्वीकृत नर्मस तथा नेपाल सरकारका तालिम संचालन गर्ने अन्य निकायका साथै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ तथा अन्य स्वीकृत नर्मसको आधारमा तालिम सञ्चालन गरिने छ । उक्त तालिम वढीमा चार दिन सम्मको हुनेछ ।

**फिल्ड गियर्स:**

वनमा गरिने काम जोखिमले भरिपूर्ण हुन्छ । काम गर्ने जनशक्ति सकुशल रही काम गर्नु अपरिहार्य रहेकोछ ।व्यक्तिको सुरक्षा पहिलो प्राथमिकता हुनेछ । त्यसैले वनमा गर्नुपर्ने जोखिमपूर्ण कामको लागि फिल्डमा खटिने सम्पूर्ण जनशक्तिको लागि निम्न बमोजिमको फिल्ड गियर्सको व्यवस्था गरिनेछ ।

- फिल्ड झोला
- ज्याकेट
- ट्राउजर
- जुत्ता र मोजा
- टोपी (Cap)
- Vacuum Flask (hot water bottle)
- Tiffin box
- ग्लोभ्स, सन ग्लास, आदि

**अपेक्षित उपलव्धीहरु :**

- निर्धारित स्थायी नमुना प्लटहरुको पूनःमापन कार्य हुने ।



महानिर्देशक

- स्थायी नमुना प्लटहरुको तथ्याङ्क सङ्कलन हुने ।
- स्थायी नमुना प्लटहरुबाट माटो, Litter, debris तथा पहिचान नभएका रुख विरुवा प्रजातीहरुको स्याम्पल संकलन हुने ।

**कार्यक्रम नं** : २.७.७.४६०

**कार्यक्रमको नाम** : **राष्ट्रिय वन स्रोत सर्वेक्षणको Validation, Analysis र प्रतिवेदन लेखन गर्ने।**

**पृष्ठभूमिः**

नेपालका प्राकृतिक स्रोत तथा साधनहरुको विकास, सदुपयोग तथा दिगो व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने योजना तर्जुमा गर्नको लागि तथा नेपाल पक्ष राष्ट्र भएका विभिन्न सन्धि, सम्झौता तथा कार्यक्रमहरुमा नियमित र आवधिक सूचना प्रवाह गर्ने अभिप्रायले नेपालका विभिन्न भौगोलिक क्षेत्र तराई, चुरे, मध्य पहाड, उच्च पहाड तथा हिमाली क्षेत्रहरूमा स्थायी नमूना प्लटहरू स्थापना गरी प्रत्येक पाँच पाँच वर्षमा उक्त प्लटहरूवाट तथ्याङ्क संकलन गर्ने गरिएको छ | नेपालका उक्त क्षेत्रबाट संकलित तथ्याङ्कहरूको आधारमा भौगोलिक क्षेत्रगत रुपमा प्रारम्भिक प्रतिवेदन यस केन्द्रको website मा राखिएको छ । यसलाई अन्तिमरुप दिनु अघि थप प्रमाणीकरण र विश्लेषण गरी प्रतिवेदन लेखन कार्य सम्पन्न गर्न यो कार्यक्रम राखिएको छ । यसरी प्रतिवेदन तयार गर्दा यस केन्द्रको website मा पृष्ठपोषणका लागि राखिएका नेपालको तराई, चुरे क्षेत्र, मध्य पहाड, उच्च पहाड र उच्च हिमाली क्षेत्र गरी चारवटा प्रतिवेदनहरूलाई अन्तिमरूप दिई राष्ट्रिय प्रतिवेदन तयार गरिनेछ ।

**कार्यक्रम सञ्चालन विधि :**

यस कार्यक्रम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका प्राविधिक जनशक्तिहरु तथा आवश्यकता अनुसार अन्य वाह्य विज्ञ जनशक्तिहरु समेतको संलग्नतामा सञ्चालन गरिने छ । राष्ट्रिय वन स्रोत सर्वेक्षण कार्यक्रम अन्तर्गत विभिन्न वर्षहरुमा मापन तथा पुनः मापन गरी संकलन गरिएका तथ्याङ्कहरुलाई सर्वप्रथम Validation गरी तत् पश्चात तथ्याङ्क विश्लेषण (Analysis) गरी मस्योदा प्रतिवेदन तयार गरिने र सम्वन्धित सरोकारवालाहरुको राय सुझाव सल्लाह प्राप्त भए पछि अन्तिम प्रतिवेदन (Final report) लेखन कार्यलाई



महानिर्देशक

अन्तिम रूप दिईने छ। यस कार्यको लागि प्रोटोकल तयार गरी स्वीकृत प्रोटोकलको आधारमा वजेटको परिधिभित्र रही लागत अनुमान तयार गरिनेछ र कार्य सञ्चालन गरिनेछ।

कार्यक्रमको लागि प्राप्त बजेट यसै कार्यको लागि आवश्यक पर्ने कार्यालय सञ्चालन तथा मसलन्द सामाग्रीहरुमा खर्च गरिनेछ जस्तै:- स्टोरेज डिभाइस, प्रिन्टङ्ग सामाग्री, तथा अन्य स्टेशनरीहरु र प्रतिवेदन लेखन कार्यमा सरिक हुने केन्द्रका कर्मचारी तथा अन्य सहभागीहरूलाई खाजा, खाना, ईन्धन/यातायात भत्ता तथा आवश्यकता अनुसार दैनिक भ्रमण भत्ता र गोष्ठी समेतमा लागत अनुमान तयार गरी स्वीकृत वजेटको परिधिभित्र रही खर्च गरिने छ । यस कार्यक्रम अन्तर्गत हालसम्म मापन तथा पुनः मापन गरी संकलन गरिएका फिल्डका तथ्याङ्कको टयाली सीटहरुको फाइलिङ सहित उचित व्यव्थापन गर्नु पर्ने देखिएकोले आवश्यक फर्निचर तथा क्याबिनेट फायलहरु केन्द्रको अन्य शिर्षकबाट व्यवस्था नभएमा यसै शिर्षकबाट खरिद गरिनेछ ।

**जनशक्तिः**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका प्राविधिक जनशक्तिहरु तथा आवश्यक परेमा वाह्य जनशक्तिहरु प्रचलित कानुन अनुसार करारमा लिई सम्पन्न गरिने छ।

**अपेक्षित उपलब्धिः**

- राष्ट्रिय वनस्रोत सर्वेक्षणको क्षेत्रगत (तराई, चुरे, मध्य पहाड र उच्च पहाड तथा उच्च हिमाल) प्रतिवेदनहरूलाई अन्तिमरूप दिई प्रतिवेदन तयार हुने ।
- राष्ट्रिय वन स्रोत सर्वेक्षणको राष्ट्रिय (Forests of Nepal, National FRA Report) प्रतिवेदन तयार हुने ।

**कार्यक्रम नं.** :२.७.७.४६१

**कार्यक्रमको नाम** :**राष्ट्रिय वन स्रोत सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गर्ने**

**पृष्ठभुमी**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले देशको विभिन्न भौगोलिक क्षेत्रमा सञ्चालन गरेको वनश्रोत सर्वेक्षण कार्य नेपाल सरकारबाट संचालित कार्यक्रम हो । यस कार्यक्रमको मुख्य उद्देश्य नेपालका वनश्रोतको



महानिर्देशक

सर्वेक्षण गरी प्राप्त नतिजाको आधारमा नेपालका प्राकृतिक स्रोत तथा साधनहरुको विकास, सदुपयोग तथा दिगो व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने योजना तर्जुमा गर्न नीति तथा रणनिती तर्जुमा गर्न सहयोग पुर्याउनुको साथै नेपाल पक्ष राष्ट्र भएका विभिन्न सन्धि, सम्झौता तथा कार्यक्रमहरुमा नियमित र आवधिक सूचना प्रवाह गर्नु रहेको छ । यस प्रतिवेदनको अंगको रूपमा मुख्यतया नेपालका वनक्षेत्र, वनको मौज्दात, जैविक पिण्ड, कार्वन संचितीको स्थिति तथा अन्य समसामयिक सूचनाका विषय आँकलन गरी विषयगत शिर्षकमा प्राप्त नतिजा समेत समावेश गरी प्रतिवेदन प्रकाशन गरी सरोकारवाला निकायहरूको उपस्थितीमा प्रतिवेदन प्रकाशन तथा अनावरण गर्ने कार्यक्रम रहेको छ ।

**कार्यक्रम सञ्चालन विधि :**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट तयार हुने राष्ट्रिय वन स्रोत सर्वेक्षणको क्षेत्रगत (तराई, चुरे, मध्य पहाड र उच्च पहाड तथा उच्च हिमाल) र राष्ट्रिय (Forests of Nepal, National FRA Report) प्रतिवेदनहरु विभिन्न सरोकारवाला निकायको उपस्थितीमा छलफल गरी/गराई प्राप्त सुझावलाई प्रतिवेदनमा समावेश गरी एक सार्वजनिकरण कार्यक्रमको आयोजना सरोकारवाला निकायको उपस्थितिमा गरिने छ । उक्त कार्यक्रम स्वीकृत लागत अनुमानको परिधीभित्र रहि खर्च गरिनेछ ।

**जनशक्तिः**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका जनशक्तिहरु तथा सूचना प्रविधिका विज्ञहरु संलग्न हुने छन् ।

**अपेक्षित उपलब्धिः**

- राष्ट्रिय वन स्रोत सर्वेक्षणको क्षेत्रगत (तराई, चुरे, मध्य पहाड र उच्च पहाड तथा उच्च हिमाल) र राष्ट्रिय (Forests of Nepal, National FRA Report) प्रतिवेदनहरु प्रकाशित भई वेभसाइट तथा प्रिन्टेड रुपमा सार्वजनिक हुने |
- सरोकारवालाहरुमा प्रतिवेदन सम्बन्धी जानकारी हुने ।

**कार्यक्रम नं** : २.७.७.४८२

**कार्यक्रमको नाम** : MRV प्रतिवेदन तयारी

१२

महानिर्देशक

**पृष्ठभुमी :**

नेपालले विश्व बैकसँगको सहकार्यमा वनमा कार्वन सञ्चितीकरण संरक्षण, वनको दिगो व्यवस्थापन तथा वन कार्वन सञ्चितीलाई अभिवृद्धी गर्ने लक्ष्यका साथ नेपालमा रेडप्लस कार्यक्रम सञ्चालन भइरहेको छ । तराई भू परिधी क्षेत्रमा पर्ने तराईका १३ जिल्लामा कार्वन उत्सर्जन न्यूनिकरण गर्न कार्वन उत्सर्जन न्यूनिकरण कार्यक्रम सन् २०१८ को जुन २२ देखि सञ्चालन भइरहेको छ । सन् २०१८ मे २३ कार्वन उत्सर्जन न्यूनिकरण कार्यक्रम दस्तावेज तयार गरी दस्तावेजमा परिकल्पना गरिएका कार्यक्रमको कार्यान्वयनवाट कार्वन उत्सर्जन न्यूनिकरण गरी वन कार्वन संञ्चितिकरण गरी विश्व वैकलाई सन २०२४ सम्ममा दुईपटक गरि ९ मिलियन टन कार्वन विक्री गर्ने सम्झौता भएको थियो । सम्झौता अनुरूप वन कार्वनको संञ्चितिकरण तथा संरक्षण गरि Monitoring, Reporting and Verification (MRV) अनुगमन प्रतिवेदन तयार गरी नेपाल सरकारवाट कार्वन सञ्चितिकरणवाट अनुगमन प्रतिवेदनमा उल्लेख भए/गरे अनुसारको रकम भूक्तानी माग गर्न वन अनुसान्धान तथा प्रशिक्षण केन्द्र तथा रेड कार्यान्वयन केन्द्रको संयुक्त पहलमा प्रतिवेदन (MRV) तयार गरिने छ।

**कार्यक्रम सञ्चालन विधि :**

प्रतिवेदन तयार गर्ने क्रममा सरोकारवालाहरुको विभिन्न गोष्ठी/छलफल तथा सल्लाहाकार समितिको बैठक बसी प्राप्त सुझाव अनुसार प्रतिवेदन तयार गरी वन तथा वातावरण मन्त्रालयमा स्वीकृतिका लागि पेश गरिने छ ।

यस कार्यको लागि विनियोजित रकम भत्ता, खाजा/खाना, विज्ञ पारिश्रमिक, ईन्धन तथा सवारी साधन, प्रतिवेदन प्रकाशन आदिमा खर्च समावेस गरी अनुमानित लागत अनुमान तयार गर्ने र स्वीकृत लागत अनुमान तथा वजेटको परिधीभित्र रहि कार्य सम्पन्न गरिने छ ।

**जनशक्तिः**

यस कार्यक्रम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, रेड कार्यान्वयन केन्द्र तथा वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायका जनशक्तिहरु मार्फत गरिने छ । साथै आवश्यकता परेमा वाह्य विज्ञ जनशक्तिहरु समेतको संलग्नता गराइने छ ।

महानिर्देशक

अपेक्षित उपलब्धिः

- नेपालको प्रथम Emission Reduction reporting (ER reporting) को कार्य सम्पन्न हुनेछ ।
- MRV को प्रतिवेदन तयार हुनेछ ।

**वन सम्वर्धन शाखा**

**कार्यक्रम नं** : २.७.७.५२

**कार्यक्रम शिर्षक** : तरहरा, हेटौडा, बुटवल, सुर्खेत, धनगढी, काभ्रे, प्युठान स्थित अनुसन्धान एकाई, अनुसन्धान प्लट तथा बिउ उत्पादन क्षेत्र तथा वन बिउ बगैचाहरुको संरक्षण व्यवस्थापन गर्ने ।

**पृष्ठभूमिः**

नेपालको वनक्षेत्रसंग सम्बन्धित अध्ययन, अनुसन्धान, सर्वेक्षण साथै प्रशिक्षण कार्य गर्दै आएको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले देशका विभिन्न स्थानमा अनुसन्धान इकाई/प्लटहरुको स्थापना र नर्सरीहरु संचालन गर्दै आइरहेको छ । यस्को संरक्षण गर्न छुटै जनशक्तिको व्यवस्था नरहेकोले वार्षिक रुपमा दैनिक हेरालु (ज्यालादारी) करारमा भर्ना गरी संरक्षण र व्यवस्थापन गर्दै आइरहेको छ । साथै ती स्थानहरुमा आवश्यकता बमोजिम अन्य अध्ययन/अनुसन्धानका कार्यहरु समेत हुदै आइ रहेको छ ।

**कार्य संचालन विधिः**

अनुसन्धान इकाई/प्लटहरु र नर्सरीहरु संरक्षण तथा संचालन गर्न आवश्यक जनशक्तिहरुको (हेरालु) वार्षिक रुपमा आंकलन गरिने छ । साथै ती स्थानहरुमा गरिने अध्ययन/अनुसन्धानका कार्यहरु समेत निर्क्योल गरिने छ । हेरालुहरुलाई श्रम कानूनले तोकेको न्युनतम पारिश्रमिक उपलव्ध गराउने गरी सेवा करार मार्फत दैनिक ज्यालादारीमा काम काज गर्नका लागि राखिनेछ भने अध्ययन/अनुसन्धानका कार्यहरु गर्न प्रोटोकल स्वीकृत गरी प्रचलित नर्म्स र बजार दररेट अनुसार लागत अनुमान स्वीकृति गरी यो कार्य सम्पन्न गरिने छ । यस कार्यको लागि विनियोजित बजेट हेरालुको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, सवारी साधान भाडा, इन्धन, अध्ययन अनुसन्धानमा हुने कार्यमा खर्च गरिने छ ।

**जनशक्तिः**

यस कार्यमा केन्द्रका कर्मचारीहरु परिचालन गरिने छ । आवश्यकता अनुसार हेरालुहरु संलग्न हुने छन् ।

१. अनुसन्धान अधिकृत/सहायक अनुसन्धान अधिकृत — २ जना

२. दैनिक ज्यामी हेरालु — सम्बन्धित स्थानहरुमा आवश्यकता अनुसार

**अपेक्षित उपलब्धि**

- अनुसन्धान इकाई/प्लटहरुको संरक्षण हुने ।
- अनुसन्धान इकाई/प्लटहरुको आवश्यक बमोजिमको व्यवस्थापन हुने ।
- थप अध्ययन तथा अनुसन्धान हुने ।

**कार्यक्रम नं : २.७.७.३७८**

**कार्यक्रम शिर्षक : मिचाहा प्रजातिको अध्ययन गर्ने ।**

**पृष्ठभूमिः**

नेपालमा प्रायजसो हरेक वर्ष नयाँ मिचाहा प्रजातिहरूको आगमन भईरहेको पाइन्छ । मिचाह प्रजाति सडक किनार, खुल्ला क्षेत्र, खेत, बारी, वन/बुट्यान कम भएको क्षेत्र, सिमसार क्षेत्रमा प्रशस्त मात्रामा पाइने गर्छ । जैविक विविधता संरक्षण र दिगो विकाससँग सम्बन्धित नेपालका नीतिहरूले स्थानीय प्रजाति, पारिस्थिकीय प्रणाली र कृषि उत्पादनहरूका लागि मिचाहा प्रजाति एक प्रमुख खतराको रूपमा पहिचान गरेको छ । यद्यपी, यसको रोकथाम र नियन्त्रण गर्न देशको व्यवस्थापन प्रतिक्रियाहरू अपर्याप्त छन् । मिचाहा प्रजातिको घनत्व वनको किनारा/सिमाना देखि भित्रिक्षेत्र (Core area) मा कुन मात्रामा फैलिएको छ भन्ने अध्ययन/सर्वेक्षण धेरै कम मात्रामा भएको सन्दर्भमा मिचाहा प्रजातिको प्रकार, घनत्व, प्रचुरतार अवस्थाबारे तथ्याङ्क संकलन गरिनेछ ।यसका साथै पारिस्थितिकीय प्रणालीमा पुर्याएको असर, यसका प्रवाभहरुको बारेमा समेत अध्ययन गरिनेछ । पारिस्थितिकीय प्रणाली र भू-उपयोग बिशेष गरी वन क्षेत्रमा पाइने मिचाहा प्रजाति र यसको वनको भित्री, खुल्ला, बुट्यान तथा सिमाना लगायतका ठाउँमा कसरी फैलिएको छ कुन मात्रामा भन्ने बारे अध्ययन गरिनेछ

**कार्य संचालन विधिः**

यो कार्यक्रम यस केन्द्रको वन प्राविधिकहरूको संग्लनतामा प्रोटोकल तयारी गरी प्रोटोकल अनुसार लागत अनुमान स्वीकृति गराई कार्यन्वयन गरिनेछ । यस कार्यको लागि विनियोजित बजेट दैनिक तथा भ्रमण भत्ता,

सवारी साधन भाडा, इन्धन, लक्षित समूह छलफलमा खाजा खर्च, ज्यामीको पारिश्रमिक आदिमा आवश्यकता अनुसार खर्च गरिने छ ।

**जनशक्ति**

मिचाहा प्रजातिको प्रवाभाकारी अध्ययन/अनुसन्धानको लागि यस विषयमा राम्रो दखल राख्ने जनशक्तिको आवश्यकता हुन्छ । मिचाहा प्रजाति सम्बन्धी कार्य यसै केन्द्रमा कार्यरत कर्मचारी र आवश्यकता अनुसार विषयगत बिज्ञ मार्फत गरिनेछ । केन्द्रका कर्मचारीहरु आवश्यकता बमोजिम अध्ययनमा खटिने छन् । मिचाहा प्रजातिको अध्ययनको लागि निम्न बमोजिमका जनशक्तिहरुको आवश्यकता पर्ने छ ।

१) अनुसन्धान अधिकृत/सहायक अनुसन्धान अधिकृत — कम्तिमा २ जना (आवश्यकता अनुसार थपघट)

२) सहायक बैज्ञानिक अधिकृत (वनस्पति शास्त्री) — १ जना

३) ज्यामी (नापजाँच, सर्वेक्षणमा सहयोग, स्थानीय ठाउँ, वनको ज्ञान तथा औजार र अन्य फिल्ड सामाग्री बोक्ने कामको लागि) — २ जना (एक दिनमा)

**अपेक्षित उपलब्धिः**

- मिचाहा प्रजातिले प्रत्यक्ष गरेको असर बारे पत्ता लाग्ने ।
- मिचाहा प्रजातिको वन लगायतका पारिस्थिकीय प्रणालीमा प्रचुरता पत्ता लाग्ने ।
- समग्र मिचाहा प्रजातिको बारे रिपोर्ट तयार हुने ।
- दिगो वन व्यवस्थापन गर्नमा सहयोग पुग्ने ।

**कार्यक्रम नं** : २.७.७.३७९

**कार्यक्रम शिर्षक** : **तराईमा रहेका साल प्रजातिको धोदको अध्ययन गर्ने ।**

**पृष्ठभूमिः**

नेपालको कूल भू-भागको करिब आधा भाग वन तथा बुट्यान क्षेत्रले ओगटेको छ। वन श्रोतको दिगो व्यवस्थापन मार्फत रोजगारी सिर्जना, पर्यापर्यटन, कार्बन संचिति, पारिस्थिकीय सेवा गरी राष्ट्रको सम्वृद्धि

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौ

तर्फमा वनक्षेत्रले योगदान पुर्याउनु पर्ने आवश्यकता रहेको छ । वनमा रहेका रुखहरु विभिन्न कारक तत्वले गर्दा सड्ने, सुक्ने र मर्ने गर्दछन् । परिपक्व रूखहरूको मृत्युको प्रमुख कारक आन्तरिक रुपमा हुने क्षय (सड्ने गल्ने) हो | रूखहरू संरचनात्मक रूपमा heart rot र butt rot ले कमजोर हुन्छन् जसले गर्दा हावा हुरी र पानी पर्दा अकस्मात भाचिने र लड्ने जोखिम बढ्न जान्छ । साथै रुखको भित्री भागमा धोद भएमा गुणस्तरीय काठ उत्पादनको मात्रामा कमि हुन जाने हुन्छ |

साल तराईक्षेत्रमा पाइने एक प्रमुख रुख प्रजाति हो र यस प्रजातिको समुचित उपयोग गरी देश विकासमा योगदान पुर्याउनु आजको अवाश्यकता समेत रहेको छ ।टोमोग्राफ (Tomograph) प्रविधिबाट खडा रुखको भित्र रहेको धोदको अवस्था पत्ता लगाई मापन र आकलन गर्न non-invasive विधि प्रयोग गरी जीवित रुखहरुको धोदको मात्रा पत्ता लगाउने सम्बन्धमा यो साल प्रजातिमा अध्ययन गर्न लागिएको हो |

यो अध्ययन सम्पन्न गर्न प्रोटोकल, कार्य विवरण, लागत अनुमान तयार गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट स्वीकृत गराई कार्यन्वयन गरिनेछ ।

यस कार्यको लागि विनियोजित बजेट दैनिक तथा भ्रमण भत्ता, सवारी साधान भाडा, इन्धन, लक्षित समूह छलफल खाजा खर्च, फिल्ड गियर खर्च, अनुसन्धान सहायक पारिश्रमिक, स्थानीय श्रोत व्यक्ति, भरिया, प्रतिवेदन तयारी आदिमा आवश्यकता अनुसार खर्च गर्न सकिनेछ।

**अध्ययन विधिः**

अध्ययन तराई तह भित्रि मधेश क्षेत्रको साल प्रजातिमा गरिनेछ । अध्ययनको स्थलगत छनौट वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा छलफल र स्थलगत अध्ययन गरी प्रोटोकलमा पेश गरिनेछ | टोमोग्राफको प्रयोग गरी धोदको अध्ययन गर्दा निम्न बुदागत रुपमा गरिनेछ |

- रुखको अवस्था रेखदेख, फोटोग्राफी तथा आधारभूत तथ्याङ्क संकलन
- सेन्सरहरू क्रमबद्ध रूपमा राखे
- सेन्सर प्लेसमेन्टको निश्चित ज्यामिति नाप्ने
- ध्वनि मापनको लागि टोमोग्राफ प्रयोग गर्ने
- रुखको काण्डको स्वरूप ढाँचाको ज्यामिति प्रारूप निकाल्ने

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



महानिर्देशक

- छविबाट क्षतिग्रस्त काठको ढाँचा परिमाण निकाल्ने

**जनशक्ति**

टोमोग्राफ प्रयोग गरी रुखमा हुने धोद पत्ता लगाउने प्रविधि नेपालको सन्दर्भमा एकदमै नवीनतम प्रयोग हो । केन्द्रका कर्मचारीले आ.व २०७८/०७९ मा भर्चुअल तालिम लिई टोमोग्राफको प्रयोग सम्बन्धी क्षमता विकास गरेका छन् । यसरी टोमोग्राफ प्रयोग गरी धोदको अध्ययन गर्दा एकजना अनुसन्धान सहायक आवश्यक पर्छ । यसका साथै एकजना औजार बोक्ने भरिया र सम्बन्धित स्थानको स्थानीय श्रोत व्यक्तिको आवश्यकता पर्नेछ । समग्रमा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारी सहित अनुसन्धान सहायक, भरिया र स्थानीय श्रोत व्यक्ति यस कामको लागि आवश्यक पर्ने देखिन्छ।

आवश्यक जनशक्तिको बिवरण तथा योग्यता निम्न बमोजिम हुनेपर्ने आवश्यक देखिन्छ ।

१) अनुसन्धान अधिकृत/ सहायक अनुसन्धान अधिकृत — २ जना

२) अनुसन्धान सहायक — १ जना (आवश्यकता अनुसार)

शैक्षिक योग्यता — न्यूनतम प्रविणता प्रमाणपत्र तह (वन) वा सो सरह । इन्टर्न समेत प्रयोग गर्न सकिने ।

३) स्थानीय श्रोत व्यक्ति— १ जना स्थानीय क्षेत्र (वन) संग ज्ञान भएको (आवश्यकता बमोजिम काममा लिने)

४) भरिया/ज्यामी — टोमोग्राफ बोक्ने कामको लागि र नापजांच कार्यमा सहयोगको लागि प्रति दिन २ जना

यसरी उल्लेखित जनशक्तिले एकदिनमा एउटा रुखको एक ठाउँ टोमोग्राफ प्रयोग गरी धोदको अध्ययन गर्दा जम्मा ८ (आठ) वटा रुखको नाप लिने छ ।

यसका साथै अनुसन्धान सहायकले तथ्याङ्क प्रविष्ट काम समेत गर्ने छन् । एक दिनमा यसरी संकलित ३० वटा रुखको तथ्याङ्क प्रविष्ठ गरिने छ ।

२०८१४।१५
महानिर्देशक

**फिल्ड गियर्स**

वनमा गरिने काम जोखिमले भरिपुर्ण हुन्छन् । काम गर्ने जनशक्ति सकुशल रही काम गर्नु अपरिहार्य छ । व्यक्तिको सुरक्षा पहिलो प्राथमिकता हुनेछ । यसैले जोखिमपूर्ण वनमा गर्नुपर्ने कामको लागि फिल्डमा खटिने सम्पूर्ण जनशक्तिको लागि निम्न बमोजिमको फिल्ड गियर्सको व्यवस्था गरिनेछ ।

- फिल्डझोला
- ज्याकेट
- ट्राउजर
- जुत्ता र मोजा
- टोपी(Cap)
- Vacuum Flask (hot water bottle)
- Tiffin Box
- ग्लोभ्स आदि

**अपेक्षित उपलब्धिः**

- टोमोग्राफको प्रयोगबाट बैज्ञानिक तवरले तराई र भित्रि मदेशमा रहेका साल प्रजातिको धोदको अवस्था पत्ता लाग्ने ।
- साल प्रजातिमा लाग्ने रोग, धोद तथा अन्य क्षय सम्बन्धि दस्तावेज तयार हुने ।
- साल वन दिगो व्यवस्थापनको लागि अध्ययनले आधारभूत तथ्याङ्क संकलन गर्ने ।

**कार्यक्रम नं.** : २.७.७.३८३

**शिर्षक** : वन नर्सरी सम्बन्धी अध्ययन/अनुसन्धान गर्ने ।

**पृष्ठभूमिः**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वन नर्सरी सम्बन्धी अनुसन्धानबाट प्रविधिको विकास गरी सरोकारवालाहरु समक्ष त्यस्ता प्रविधिको हस्तान्तरण गर्दै आइरहेको छ । यसैक्रममा यस आर्थिक वर्षमा पनि



महानिर्देशक

वन नर्सरी सम्बन्धी अध्ययन/अनुसन्धान गरिने छ । यस केन्द्रको स्थलगत इकाई हेटौंडा, बुटवल, सुर्खेत र कैलालीमा रहेको नर्सरी मध्ये उपयुक्त स्थानमा अध्ययन गरिने छ ।

नर्म्स प्रयोग गरी लागत अनुमान र प्रोटोकल तयार गरी स्वीकृत गराई यो कार्य सम्पन्न गरिने छ । यस कार्यको लागि विनियोजित बजेट दैनिक भ्रमण भत्ता, सवारी साधान भाडा, इन्धन, ज्यामीको पारिश्रमिक तथा नर्सरीको विरूवा उत्पादका लागि आवश्यक सामाग्रीहरू कुराहरु आदिमा खर्च गर्न गरिनेछ ।

**कार्य संचालन विधिः**

यो कार्यक्रम प्रोटोकल तयारी गरी संचालन गरिने छ । प्रोटोकल अनुसार लागत अनुमान स्वीकृति गराई कार्यन्वयन गरिनेछ । यस कार्यको लागि विनियोजित बजेट दैनिक तथा भ्रमण भत्ता, सवारी साधान भाडा, इन्धन, वीउ संकलन वा खरिद, नर्सरी सामान, ज्यामीको पारिश्रमिक आदिमा आवश्यकता अनुसार खर्च गरिने छ ।

**जनशक्तिः**

नर्सरीको अध्ययन केन्द्रका कर्मचारी मार्फत संचालन गरिने छ । यसका लागि अनुसन्धान इकाई/प्लटमा उपलब्ध जनशक्ति समेत प्रयोग गरिनेछ ।

१. अनुसन्धान अधिकृत/सहायक अनुसन्धान अधिकृत — २ जना

२. ज्यामी — नर्म्स अनुसार आवश्यकता बमोजिम

**अपेक्षित उपलब्धिः**

- वन नर्सरी सम्बन्धी अध्ययन/अनुसन्धान हुने ।
- वन नर्सरी सम्बन्धि प्रविधिको विकास हुने।
- सरोकारवालाहरु समक्ष प्रविधि हस्तान्तरण हुने ।

**कार्यक्रम नं.** : २.७.७.४६४

**शिर्षक** : वाह्य मिचाहा प्रजातिको रणनिति तयार गर्ने

२०८०/११/१५

महानिर्देशक

## पृष्ठभूमि

नेपालको तराइ, चुरे हुदै मध्य पहाडी क्षेत्रको वनक्षेत्रमा बाह्य मिचाहा प्रजातिको बाक्लो उपस्थिति र फैलावट हुदै गएको देखिएको छ । बाह्य मिचाहा प्रजातिको समयमै पहिचान गरी रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु एउटा महत्वपुर्ण चुनौतिको रुपमा देखापरेको छ । यसको गाम्भिर्यतालाई मनन गर्दै वन नीति, २०७५ तथा नेपाल जैविक विविधता रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०७१-२०८० ले बाह्य मिचाहा प्रजातिको रोकथाम तथा व्यवस्थापनलाई प्राथमिकता साथ सम्बोधन गरेको छ । तथापी बाह्य मिचाहा प्रजातिको रोकथाम र व्यवस्थापन के कसरी गर्न सकिन्छ भन्ने बारेमा स्पष्ट दिशा निर्देश गर्ने कुनै दस्तावेज नभएको विद्यमान अवस्थामा एउटा छुट्टै रणनीतिको अवश्यकता महसुस भएको छ । राष्ट्रिय वन नीति, २०७५ नेपाल सरकारवाट स्वीकृत भईसकेको परिप्रेक्षमा उक्त नीति कार्यान्वयन गर्ने सन्दर्भमा पनि यस रणनितिको आवश्यकता रहेको छ । वन तथा वातवरण मन्त्रलायले वन क्षेत्रमा बाह्य मिचाहा प्रजाति व्यवस्थापन रणनीति तयारी गर्न बिगत बर्षबाट नै पहल गर्दा पनि यसलाई मुर्त रुप दिन नसकेको अवस्थामा यो रणनीति तयारी कार्यले मूर्तरुप दिन कोसेढुङ्गाको भूमिका खेल्नेछ ।

**कार्य संचालन कार्य विधि :**

रणनीति तयार गर्दा सरोकारवाला निकाय संग अन्तरक्रिया गोष्ठी, छलफल तथा आवश्यकता अनुसारको समन्वय समेत गरिनेछ । यस रणनीति तयार गर्ने कार्य सम्पन्न गर्न प्रोटोकल, कार्य विवरण लागत अनुमान तयार गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बाट स्वीकृत गराई कार्यन्वयन गरिने छ ।यस कार्यको लागि विनियोजित बजेट गोष्ठी संचालन खर्च, दैनिक भर्मण भत्ता,सवारी साधान भाडा ,इन्धन ,बैठक खाजा खर्च , बिज्ञको पारिश्रमिक, बैठक भत्तामा आवश्यकता अनुसार खर्च गरिनेछ ।

## जनशक्ति

नीतिगत दस्तावेज तयार गर्न अनुभव साथै मिचाहा प्रजाति सम्बन्धि राम्रो ज्ञान, अनुभव र दखल जनशक्तिको आवश्यकता हुन्छ ।मिचाहा प्रजाति सम्बन्धी प्राविधिक कार्य केन्द्रका कर्मचारीले समेत गर्दै आइरहेको भएतापनि रणनीति तयारी कार्यको लागि एक विषय विज्ञको विज्ञ सेवा खरिद गरी गरिनेछ । केन्द्रका



महानिर्देशक

कर्मचारीहरु आवश्यकता बमोजिम रणनीति तयारीमा खटिनेछन् । मिचाहा प्रजातिको रणनिति निम्न बमोजिमका जनशक्तिहरुको सामुहिक सहकार्यबाट सम्पन्न गरिने छ ।

१) अनुसन्धान अधिकृत/सहायकअनुसन्धान अधिकृत — २ जना

२) मिचाहा प्रजाति बिज्ञ — १ जना

शैक्षिक योग्यता — वन बिज्ञान, कृषि बिज्ञान, वनस्पति शास्त्र, प्राकृतिक श्रोत व्यवस्थापन वा सम्बन्धित बिषयममा स्नातकोत्तर तह उतिर्ण गरी मिचाहा प्रजाति सम्बन्धी ५(पाँच) वर्षको कार्य अनुभव भएको ।

बिज्ञको पारिश्रमिक तत्कालिन वन तथा भू-संरक्षण मन्त्रालयको नर्म्स २०७० (भाग १) को बुदा नं. (८२) मा भएको व्यवस्था अनुसार गरिनेछ ।

**अपेक्षित उपलब्धि**

- बाह्य मिचाहा प्रजातिबाट हुन सक्ने जोखिम न्युनिकरण गर्दै रोकथाम तथा व्यवस्थापन गर्ने नीतिगत टेवा पुग्ने ।
- वाह्य मिचाहा प्रजातिको रणनीति तयार हुने ।

**वन पैदावर सदुपयोग शाखा**

**कार्यक्रम नं.** : २.७.७.४७५

**शिर्षक** : **प्रमुख काठ प्रजातिको गुणस्तर अध्ययन अनुसन्धान गर्ने (UTM सम्बन्धी तालिम र स्थापना समेत)**

**पृष्ठभूमिः**

काठको गुणस्तर बिशेष रुपमा यसको strength ले यसको प्रयोगको किसिम र टिकाउलाई निर्धारण गर्दछ । नेपालमा पाइने प्रमुख रुख प्रजातिहरूको काठको प्रयोग भौतिक पुर्वाधार निर्माण, पोल आदिमा भएको पाईन्छ । यद्यपि काठको गुणस्तरको मापनको कार्य भएको पाइदैन ।तसर्थ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले नेपालको वनमा पाईने प्रमुख प्रजातिको गुणस्तर अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायलाई सिफारिस गर्ने उद्देश्यका साथ आ. ब. २०७६/०७७ मा Universal Testing Machine (UTM) खरिद गरेको छ । उक्त

UTM संचालनको लागि सम्बन्धित कर्मचारीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा तालिम गराउने तथा प्रमुख काठ प्रजातिको गुणस्तर अध्ययन अनुसन्धान गर्ने उदेश्य यो कार्यक्रमले लिएको छ । कार्यक्रम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको वन पैदावर सदुपयोग शाखा मार्फत कार्यन्वयन गरिनेछ ।

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न नेपाल सरकारको आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु १५,००,००० |- (अक्षरुपी पन्ध्र लाख मात्र ) विनियोजित भएको छ ।

**उद्देश्यः**

१. UniversalTestingMachine (UTM) को स्थापना गर्ने ।

२. काठ प्रजातिको गुणस्तर मापन गर्ने UniversalTestingMachine (UTM) संचालन तालिम लिने ।

३. प्रमुख काठ प्रजातिको गुणस्तर अध्ययन अनुसन्धान गर्ने ।

**मुख्य क्रियाकलापहरुः**

१. UTM संचालन सम्बन्धि तालिम प्राप्त गर्ने ।

२. UTM स्थापना गर्ने ।

३. Literature review गर्ने ।

४. Data फरम्याट तयार गर्ने ।

५. कार्यक्रम कार्यान्वयनका विभिन्न चरणहरुमा सरोकारवाला एवं विषयविज्ञहरुसँग परामर्श, समन्वय र सहकार्य गर्ने

६. Data संकलनगर्ने ।

७. संकलित तथ्यांकको विश्लेषण गर्ने ।

८. अध्ययनको प्रतिबेदन तयार गर्ने ।

**कार्य संचालन विधि**

यस कार्यक्रमको संचालन गर्न Protocol स्वीकृत गरी लागत अनुमान समेत तयार गरी सोही अनुरूप तथ्यांक संकलन तथा अध्ययन विश्लेषण गरी कार्य सम्पन्न गरिनेछ ।यस कार्यक्रम मुलतः वन सदुपयोग शाखाको



महानिर्देशक

जनशक्ति तथा केन्द्रका अन्य जनशक्तिबाट गरिने छ, यध्यपि विज्ञ जनशक्ति आवश्यकता भएमा करार सेवा गरेर कार्य सम्पन्न गरिने छ | साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ | UTM संचालन को लागि वन सदुपयोग शाखामा कार्यरत तथा अन्य यस कार्यमा संलग्न हुने चार जना अधिकृतस्तरका कर्मचारी तथा यस कार्यक्रमका सुपरीवेक्षक एक जना गरी जम्मा पाँच जना सम्मलाई राष्ट्रिय तथा अन्तरास्ट्रिय स्तरको तालिम प्रदान गरिने छ | यस केन्द्रमा आ.व. २०८०/०८१ विनियोजित वजेटबाट तालिम, UTM स्थापना, बिज्ञ खरिद, फिल्ड कार्यको लागि गाडी भाडाको खर्च, इन्धन खर्च, दक्ष तथा अर्धदक्ष कामदार, नमुना संकलन, गोष्ठी, लक्षित समूह तथा सरोकारवालासंग छलफल, दैनिक भ्रमण भत्ता, संचार, सर्वेक्षण फारम आदिमा खर्च गरिने छ |

**अपेक्षित उपलब्धिहरुः**

१. UTM प्रभाकारी रुपमा संचालन गर्ने दक्ष जनशक्ति प्राप्त भएको हुने |

२. UTM को स्थापना भएको हुने |

३. केही मुख्य रुखहरुको काठको गुणस्तर थाहा हुने ।

**बायोमेट्री शाखा**

**कार्यक्रम नं.** : २. ७. ७.४८३

**कार्यक्रमको नाम** : **प्रमुख रुख प्रजातिहरुको Allometric Equation तयार गर्ने कार्यको निरन्तरता**

**विनियोजित वजेटः रु ५०००००।००**

**कार्यक्रम सञ्चालन विधिः**

यो कार्यक्रम कार्यक्रम **नं २. ५. ३.१७३ को प्रमुख सात रुख प्रजातिहरुको Allometric Equation तयार गर्ने कार्यको निरन्तरता** कै मिलान कोष (Matching Fund) को रुपमा विनियोजित वजेट हो । प्रमुख सात रुख प्रजातिहरुको एलोमेट्रिक समिकरण तयार गर्नको लागि विश्वबैकको आर्थिक सहयोगमा भईरहेको छ । उक्त कार्यक्रम संचालन गर्ने क्रममा यो वजेट पनि प्रयोग गरी कार्य सञ्चालन गरिने छ ।

**कार्यक्रम नं.** : २. ७. ७.२३६

**कार्यक्रमको नाम** : **Shrub species को Allometric Equation तयार गर्ने**

बुट्यान प्रजातिहरु **(Shrub species)** पनि वन क्षेत्रको एक महत्वपूर्ण भाग हुन । रुखको तुलनामा कमै मात्रमा भएपनि बुट्यानहरुले पनि रुख प्रजातिहरुले जस्तै photosynthesis प्रकृयाद्वारा वनको प्राकृतिक ecosystem मा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसले पनि निश्चित मात्रामा बायोमास जम्मा गरेको हुन्छ भने कार्वन संचिति प्रकृया समेत नियमित गरेको हुन्छ । त्यसैले यसबाट प्राप्त हुने वस्तु तथा सेवाहरुको के कति मात्रामा प्राप्त हुन्छन भन्ने कुराको लेखाजोखा समेत गर्नु पर्ने आश्यकता बढ्दै गएको पाइन्छ । यसै कुरालाइ मध्यनजर राख्दै वन स्रोत सर्वेक्षणमा समेत Shrub Species हरुको उचाइ व्यास लगायतका variables सकलन गर्ने गरिएको छ । तर Shrub Species को विश्लेषण गर्न कुनै पनि formula तथा equation नरहेको कारण यसको growing stock, biomass र carbon आदिको परिमाण निकाल्न नसकी सङ्कलन गरीएको तथ्याङ्क समेत एकातिर प्रयोगमा आउन सकेको छैन भने अर्कोतिर कार्वन सचिति बापत प्राप्त हुने भुक्तानिमा समेत दावी गर्न सकिएको छैन । त्यसैले यस केन्द्रले आ. व. २०७७/७८ बाट "Shrub Species को Allometric equation तयार गर्ने कार्यको लागि मुख्य ५ वटा Shrub Species *(Woordifordia fructicose, Murraya koenigii, Berberis aristata, Rubus ellipticus, Maesachisia)* हरुको छनौट गरी कार्य प्रारम्भ गरे पनि वजेट अभावको कारणले सुदुर पश्चिम बाहेक अन्य क्षेत्रबाट तथ्याङ्क संकलन गर्ने कार्यक्रम भएपनि सुदुर पश्चिम क्षेत्रबाट समेत तथ्याङ्क संकलन गरी प्रतिबेदन तयार गर्ने कार्यक्रम वजेटको व्यवस्था भइ स्वीकृत भइसके पनि सोही वर्ष कोभिड -१९को लकडाउनको कारण स्थगित भई पुन आ. व. २०७९/०८० मा वजेट व्यवस्था हुँदा वजेट स्थगितको कारण सम्पन्न हुन नसकेकोले यस आ. व. मा सम्पन्न गर्ने लक्ष्य रहेको हो | त्यस्ता प्रजातिहरुको राष्ट्रियस्तको Equation तयार गर्न प्रत्येक प्रजातिहरुको सबै क्षेत्रबाट सबै size class हरुको प्रतिनिधित्व गरी थप करिब २०० वटा नमुना छनौट गरी नाप पैमास गरी तथ्याङ्क संकलन गर्नु पर्ने भएकोले यस आ.व. २०८०/०८१ मा कार्यक्रम गर्ने गरी पूनः रकम विनियोजन भएको छ ।

**विनियोजितबजेट:**

यो कार्यक्रम कार्यन्वयन गर्न आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रममा रु ८,००,००० अक्षरुपि आठ लाख विनियोजित भएको छ

महानिर्देशक

## उद्देश्य

- मुख्य ५ वटा Shrub Species *(Woordifordia fructicose, Murraya koenigii, Berberis aristata, Rubus ellipticus, Maesachisia)* को सुदुर पश्चिम प्रदेशबाट तथ्यांक र स्याम्पल संकलन गर्ने ।
- संकलन गरिएका नमुनाहरुको प्रयोगशालामा ल्याइ oven-dry गर्ने ।
- उक्त Shrub Species हरुको Allometric Equation तयार गरि प्रतिवेदन तयार गर्ने ।

## मुख्य क्रियाकलापहरु

- राष्ट्रिय वन स्रोत सर्वेक्षण गर्नका निम्ति स्थापित स्थायी नमुना प्लटहरुको reference मा Shrub Species हरुको खोजि गर्ने
- उपयुक्त क्षेत्रहरुमा उपयुक्त आकारमा नमुना पहिचान गर्ने ।
- २ मि. अर्धब्यास भएको प्लट निर्माण ।
- सो स्थानको तथा stand को विस्तृत विवरण संकलन गर्ने ।
- सो प्लट भित्र रहेका सबै Shrub species हरुको felling गर्ने ।
- सो प्लट भित्र परेका आवश्यक Shrub species हरुको निर्दिष्ट विभिन्न स्थानमा गोलाइ नाप्ने ।
- काटिएका specimen को तौल लिने आवश्यकता अनुसार आयतन लिने ।
- Specimen हरुको packaging तथा levelling गर्ने ।
- संकलन गरिएका स्याम्पलहरुलाई प्रयोगशाला सम्म ल्याइ Oven dry गरि तौल लिने र त्यसको तथ्यांक राख्ने ।
- तथ्यांक विश्लेषण गरी सबै प्रजातिहरूको Allometric equation तयार गरी प्रतिवेदन तयार गर्ने ।

## कार्यक्रम कार्यन्वयन कार्यविधिः

यो कार्यक्रम संचालन गर्न protocol तथा लागत अनुमान स्वीकृत गरिने छ । माथि उल्लिखित क्रियाकलापहरु नै यस कार्यक्रम अन्तर्गत संचालन हुने छन । स्थलगत तथ्याङ्क संकलन गर्नु अगाडि तालिम समेत संचालन गरिने छ । यसमा विनियोजित बजेट तालिममा खर्च, स्टेसनरी, फिल्ड गियर, परामर्शमा लिइने विज्ञहरुलाई

पारिश्रमिक, गाडी भाडा, इन्धन, ज्यामी, स्थानीय स्रोत व्यक्ति पारिश्रमिक, संचार आदिमा खर्च गरिने छ । साथै ल्याब विश्लेषण गर्दा आवश्यक पर्ने खर्च समेत यस बजेटबाट गरिने छ ।

**जनशक्तिः**

यो कार्यक्रम केन्द्रका प्राविधिक कर्मचारीहरूको परिचालन गरी सञ्चालन गरिने छ ।यस क्न्द्रको अन्य शाखाका कर्मचारीहरु आ-आफ्नै शाखाको काममा व्यस्त भइ यस कार्यक्रममा परिचालन हुन नसक्ने अवस्था आएमा कर्मचारी अपुग हुने भएकोले तलको देहाय बमोजिमको जनशक्तिहरुको सेवा खरिद गरी काम गरिनेछ ।

| विवरण | एकाई | श्रमिक | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तह | एकाई | परिमाण | |
| वनबिज्ञ | २ महिना (५० फिल्ड कार्य दिन -२ प्लट प्रति दिन) | विज्ञ | संख्या | १ | वन विज्ञान विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरी कम्तिमा एक वर्षको अनुभव वा सोही विषयमा स्नातकोत्तर । मासिक पारिश्रमिक र भत्ता- नेपाल सरकारको रा.प. तृतीय श्रेणीको शुरु तलव स्केल र सोही पदको फिल्डमा जाँदा पाउने दैनिक तथा भ्रमण भत्ता। |
| फिल्ड सहायक | २ महिना (५० फिल्ड कार्य दिन -२ प्लट प्रति दिन) | सहायक | संख्या | १ | वन विज्ञान विषयमा प्रविणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरी कम्तिमा एक वर्षको अनुभव वा सोही विषयमा स्नातक । मासिक पारिश्रमिक र भत्ता- नेपाल |



२०८०/८/१५
महानिर्देशक

| विवरण | एकाई | श्रमिक | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तह | एकाई | परिमाण | |
| | | | | | सरकारको रा.प.अनंकित प्रथम श्रेणीको शुरु तलब स्केल र सोही पदको फिल्डमा जाँदा पाउने दैनिक तथा भ्रमण भत्ता। |
| तथ्याङ्क प्रविष्टी | १ महिना (१० प्लट प्रति दिन) | फिल्ड सहायक | संख्या | १ | माथि को सि. नं. २ बमोजिम |
| तथ्याङ्क विश्लेषण विज्ञ | १ महिना को लागि | विज्ञ | संख्या | १ | वनविज्ञान, तथ्यांक विश्लेषण वा सो सरहको विषयमा स्नाकोत्तर (विद्या वारिधिलाई प्राथमिकता)र पाँच वर्षको कार्य अनुभव । मासिक पारिश्रमिक र भत्ता - नेपाल सरकारको सह सचिव स्तरको शुरु तलव स्केल र फिल्ड जाँदा सोहि पदले पाउने दैनिक भ्रमण भत्ता |
| ५ ) प्रतिबेदन तयारी /पुनरावलोकन विज्ञ | १ महिना को लागि | विज्ञ | संख्या | १ | वन विज्ञान, तथ्यांक विश्लेषण वा सो सरहको विषयमा स्नाकोत्तर (विद्या वारिधिलाई प्राथमिकता) र पाँच वर्षको कार्य अनुभव । मासिक पारिश्रमिक र भत्ता - नेपाल सरकारको सह सचिव स्तरको शुरु |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

| विवरण | एकाई | श्रमिक | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तह | एकाई | परिमाण | |
| | | | | | तलव स्केल र फिल्ड जाँदा सोहि पदले पाउने दैनिक भ्रमण भत्ता । |

यस अतिरिक्त स्थलगतरुपमा तथ्याङ्क संकलन गर्ने क्रममा स्थानीयस्रोत व्यक्ति, ज्यामीहरु पनि आवश्यक पर्ने छ । स्थलगतरुपमा तथ्याङ्क संकलन गर्दा प्रति दिन प्रत्येक टीमले एक जना स्थानीय स्रोत व्यक्ति आवश्यक पर्दछ भने फिल्ड समान लैजाने र ल्याउने तथा Shrub species को sample कटान र पात सोर्ने कामका लागि २ जना ज्यामी आवश्यक पर्दछ ।

**अपेक्षित उपलब्धिः**

यस कार्यक्रम सञ्चालन गरे पश्चात केन्द्रले यस आ. व. २०८०/२०८१ मा सबै पाँच प्रजातिहरुको फिल्ड तथ्याङ्क संकलन गरी biomass equation तयार हुनेछ ।

**योजना तथा नीति कार्यक्रम प्रभावकारीता अध्ययन शाखा**

**कार्यक्रम नं.** : २.७.७.६६

**कार्यक्रमको नाम** : **बार्षिक योजनातर्जुमा गोष्ठी आयोजना गर्ने ।**

आगामी आ.व.२०८०/०८१ का लागि राष्ट्रिय योजना आयोगको आवधिक योजना, मध्यकालिन खर्च संरचना, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालयबाट प्राप्त बजेट सिलिङ्ग, मार्गदर्शन, नीति तथा कार्यक्रमका आधारमा यस केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने भएकोले वार्षिक बजेट तथा बजेट तयारीको पूर्व अवस्थामा वार्षिक योजना तर्जुमा गोष्ठ यस केन्द्रका कर्मचारी र सरोकारवालाहरूको सहभागितामा सञ्चालन गरी सम्पन्न गरिनेछ । प्रभावकारी रूपमा निकायगत समन्वय गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा हुने विभिन्न स्वीकृत कार्यहरूमा खर्च गर्नु यस क्रियाकलापको प्रमुख उद्देश्य रहेको छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- केन्द्रका महाशाखा र शाखाहरूलाई कार्यक्रम तयारीका जानकारी



२०८०।७।१५
महानिर्देशक

- कार्यक्रम तयारी पूर्व तयारी गोष्ठी
- अन्तरक्रियात्मक गोष्ठि
- कार्यक्रम प्रस्तुतिहरू (आन्तरिक र वाह्य)

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम सञ्चालनार्थ अवधारणा पत्र तथा लागत अनुमान तयारी
- कार्यान्वयन चरणः गोष्ठी तथा अन्तरक्रिया सञ्चालन
- बजेट उपशिर्षक अनुरूप बजेट कार्यक्रम LMBIS मा प्रविष्ठीका लागि सम्पूर्ण महाशाखा र शाखाहरूबाट कार्यक्रमको विवरण सङ्कलन
- सम्पूर्ण महाशाखा र शाखाहरूबाट सङ्कलन गरिएको कार्यक्रमलाई LMBIS मा प्रविष्ठ गर्ने ।

**गोष्ठी सञ्चालन प्रक्रियाः**

कार्यक्रम छनौट गोष्ठी गर्नु पूर्व सम्पूर्ण महाशाखा र शाखाका कर्मचारीहरूको सहभागितामा योजना तर्जुमा पूर्व तयारी गोष्ठीको आयोजना गरिने छ र उक्त गोष्ठीमा सहभागिहरूलाई अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम खाजामा खर्च गरिने छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा सूचिकृत भएका सेवाप्रदायकहरू मध्येबाट दरभाउपत्र माग गरी सबैभन्दा कम दरभाउपत्र पेश गर्ने सेवाप्रदायक छनौट गरी २ दिने गोष्ठी सञ्चालन गरिनेछ ।यदि सेवा प्रदायकबाट सञ्चालन गर्न नसकिएमा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम सम्पन्न गरिनेछ ।

**अपेक्षित उपलब्धी**

केन्द्रको सम्पूर्ण बजेट उपशिर्षकहरूको प्रस्तावित बजेट तथा कार्यक्रमहरू सम्बन्धमा पर्याप्त छलफल र अन्तरक्रिया भई नियमित वार्षिक बजेट तथा कार्यक्रम तर्जु भई LMBISमा प्रविष्ठ भएको हुनेछ ।

**कार्यक्रम नं.** : २.७.७.१८३

**कार्यक्रमको नाम** : **वन क्षेत्रमा पाइने लहरा प्रजातिको अध्ययन, अनुसन्धान गर्ने ।**

नेपालको तराई क्षेत्रमा मुख्यरूपमा रहेको सालप्रजातिको जंगलको उचित र प्राविधिक रूपमा सही वन व्यवस्थापन हुन नसक्नु र खुल्ला सिमानाका कारण अत्यधिकरूपमा चोरी निकासी हुनु, अतिक्रमणको चपेटामा

पर्नु लगायतका समस्याका साथै जलवायु परिवर्तनका कारणले विभिन्न वाधा अवरोध खडा हुन गई साल लगायत विशेषगरी high density भएका रूख प्रजातिहरूलाई विभिन्न प्रकारका लहरा प्रजातिहरूले ढाकेर बनको वृद्धि र विकासमा असर गरिरहेको देखिएको छ । यसरी तराईमा रहेको उत्पादनशिल बनलाई विभिन्न किसिमका लहरा लगायतका प्रजातिहरूले ढाकेर बढी प्रकाश चाहने soft wooded and low density भएका प्रजातिहरूको विकासमा प्रोत्साहन गरी बनमा पाईने प्रजातिको अवस्था (Vegetation structure) परिवर्तन हुनेसक्ने अवस्था रहेको छ। तसर्थ तराईको बनमा लहरा प्रजातिहरूले ढाक्नुमा मुख्यरुपमा कुन तत्वहरू (Environmental and other factors) जिम्मेवार रहेको छ त्यसको विश्लेषण गरी तराईको बनमा पाईने प्रजातिको संरचना परिवर्तन हुन सक्छ त भनि अनध्ययन गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययनको समाप्ती पश्चात प्राप्त नजिताले भविष्यमा बन व्यवस्थापनका नीति नियमहरू बनाउनका लागि उपयोगी हुने उद्देश्य लिएको छ । हाल यस कार्यक्रममा विनियोजन भएको बजेटले नेपालको पूर्व देखि पश्चिमसम्मको बनमा यो अध्ययन गर्न नसकिने भएकाले आगामी वर्षहरूमा समेत बजेटको व्यवस्था गरी यो अध्ययन पुरा गरिनेछ ।

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न नेपाल सरकार आ.व. २०८०/८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु ५,००,००० |- (अक्षरुपपाँचलाख मात्र) विनियोजित गरिएको छ |

**उद्देश्यः**

- तराई क्षेत्रको बनमा लहरा प्रजातिको विविधता अध्ययन गर्ने
- लहरा प्रजातिले बढीमात्रामा ढाक्ने प्रजाति पत्ता लगाउने
- लहरा प्रजातिले रूख विरूवालाई ढाक्ने कारण पत्ता लगाउने

**कार्यान्वयन प्रक्रिया**

- बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले तयार गरे अनुरूपको Protocol र प्रस्ताव तयार गरी बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा प्रस्तुतिकरण गरी प्राप्त सुझावका आधारमा अध्ययनको Protocol र Research Proposal तयार गरी महानिर्देशकबाट स्वीकृत गरी कार्य सञ्चालन गरिनेछ ।



महानिर्देशक

- तथ्याङ्क संकलनकालागि विस्तृत तथ्याङ्क संकलन विधिको तय गर्दा विभिन्न अन्तराष्ट्रिय Peer reviewed journal मा प्रकाशित लेख रचनाहरूका आधारमा वनको छत्र घनत्व, खण्डिकृत र खण्डिकृत नभएको वन, अतिक्रमण क्षेत्रबाट नजिक र टाडाका वन र सडक किनाराको नजिक र टाडाका वनमा नेपालको वार्षिकरूपमा पूर्वबाट पश्चिममा जाँदा घट्ने पानीपर्ने मात्रा (Rainfall gradient)का आधारमा छनौट गरी स्थायी नमुना प्लटहरू स्थापना गरेर गरिनेछ ।
- यो कार्यक्रमको सञ्चालन योजना तथा नीति कार्यक्रम प्रभावकारिता अध्ययन शाखाको संयोजकत्वमा यस केन्द्रका मौज्जुदा कर्मचीहरूबाट गरिने छ । यदि यस केन्द्रको कर्मचारीहरूबाट फिल्ड कार्य सञ्चालन गर्नकालागि नपुग्ने भएमा विषय विज्ञहरूकोसूची तयार गरी सोही सूची बमोजिम फिल्ड crewहरू छनौट गरी दैनिक ज्यालादारीमा काममा लगाई कार्य सम्पन्न गरिने छ । साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ ।
- यो कार्यक्रम वन र वातावरण सम्बन्धी विश्वविद्यालयमा स्नात्तकोतहमा अध्ययनरत विद्यार्थीहरूलाई कार्यविधि तयार गरी स्वीकृत गराई प्रचलित ऐन नियमको परिधि भित्र रहि प्राविधिक प्रस्ताव आव्हान गरी सञ्चालन गरी सम्पन्न गरिनेछ ।वा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को अधिनमा रही सेवा प्रदायक छनौट गरी गर्न समेत सकिनेछ ।
- यस केन्द्रमा आ.व. २०७९/८० विनियोजित वजेटबाटविषय विज्ञको सेवा खरिद, फिल्ड कार्यको लागि गाडी भाडाको खर्च, इन्धन खर्च, गोष्ठी, लक्षित समूह तथा सरोकारवालासँग छलफल, दैनिक भ्रमण भत्ता, संचार, सर्वेक्षण फारम, छपाई लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ ।

**अपेक्षित उपलब्धिहरु:**

१. विनियोजित बजेटका आधारमा पूर्वी तराईक्षेत्र बाट पश्चिमी क्षेत्रमा लहरा प्रजातिले ढाकेको क्षेत्रको पहिचान हुनेछ ।

२. तराई क्षेत्रमा पाईने लहरा प्रजातिहरुको बारेमा जानकारी प्राप्त हुनेछ ।

३. लहराले वनका प्रजातिहरूलाई ढाक्ने कारणका बारेमा जानकारी हुनेछ ।

२०८०।१।१५

महानिर्देशक

४. लहरा प्रजातिले ढाकेको वन प्रजातिहरू र लहरा प्रजातिका बारेमा तथ्याङ्क प्राप्त हुने छ ।

**कार्यक्रम नं. : २.७.७.३८७**

**कार्यक्रमको नाम : नेपालमा पाइने मुख्य प्रजातिहरूको QR-Code तयार गर्ने।**

नेपालमा विविध प्रकारको जलवायुका कारण करिब ७००० भन्दा बढीका फूल फुल्ने वनस्पती प्रजातिहरू पाईन्छन भने राष्ट्रिय स्रोत सर्वेक्षण २०१५ का अनुसार वन स्रोत सर्वेक्षणका लागि प्रयोग गरिएका स्थायी नमुना प्लटबाट संकलित तथ्याङ्क अनुसार नेपालमा ९९ परिवारका २३९ जातिका ४४३ प्रजातिका रूख प्रजातिहरू पाइएका थिए । यि प्रजातिहरूको वन सम्वर्धन विशेषता (Silvicultural characteristics) हरूका बारेमा विभिन्न लेख रचना र पुस्तकहरू प्रकाशित भएता पनि हालसम्म ति प्रजातिहरूको QR Code तयार भएको छैन ।ती प्रजातिहरूको QR Code तयार गरी सम्बन्धित प्रजातिहरूमा राख्न सकेका खण्डमा वन विज्ञानका विद्यार्थी, अनुसन्धानकर्ता, शिक्षणकर्ताहरू लगायत अन्य वन विज्ञानमा रूची राख्ने लगायत सम्पूर्ण जनताहरूकालागि वनस्पति प्रजाति पहिचानमा सजिलो हुने भएकाले यो कार्यक्रम यस आ.व.मा राखिएको हो ।यस कार्यक्रम अन्तर्गत यस आ.व.मा पहिलो चरणमा प्रमुख रूख प्रजातिहरूको Silvicilture characteristics को संकलन गरी सोही तथ्याङ्कका आधारमा QR Code तयार गरिने छ ।

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न नेपाल सरकार आ.व. २०८०/८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु २,००,००० |- (अक्षरुपदुईलाख मात्र) विनियोजित गरिएको छ |

**उद्देश्यः**

- नेपालमा पाईने मुख्य मुख्य वनस्पति प्रजातिहरूको QR-Code तयार गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले तयार गरे अनुरूपको Protocol र प्रस्ताव तयार गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा प्रस्तुतिकरण गरी प्राप्त सुझावका आधारमा अध्ययनको Protocol र Research Proposal तयार गरी महानिर्देशकबाट स्वीकृत गरी कार्य सञ्चालन गरिनेछ ।



महानिर्देशक

- यसकालागि यस केन्द्रको वन अनुसन्धान महाशाखाका महाशाखा प्रमुख उपमहानिर्देशकको संयोजकत्वमा नेपालका वन विज्ञानको पठन पाठन हुने विश्व विद्यालय अन्तर्गतको विश्वविद्यालयका प्राध्यापकहरू र अन्य विज्ञ सहितको प्राविधिक समिति बनाइने छ र सोही समितिको निर्देशनमा प्रजातिहरू छनौट गरिने छ ।उक्त प्राविधिक समितिका सदस्यहरूलाई नियमानुसारको बैठक भत्ता यस कार्यक्रमका लागि विनियोजन भएको बजेटबाट उपलब्ध गराईने छ ।
- यो कार्यक्रमको सञ्चालन योजना तथा नीति कार्यक्रम प्रभावकारिता अध्ययन शाखाको संयोजकत्वमा यस केन्द्रका मौज्जुदा कर्मचीहरूबाट गरिने छ । यदि यस केन्द्रको कर्मचारीहरूबाट फिल्ड कार्य सञ्चालन गर्नकालागि नपुग्ने भएमा विषय विज्ञहरूकोसूची तयार गरी सोही सूची बमोजिम विज्ञहरू छनौट गरी दैनिक ज्यालादारीमा काममा लगाई कार्य सम्पन्न गरिने छ ।
- तयार भएको प्रजातिको विवरणलाई QR Code बनाउनका लागि IT सम्बन्धी सेवाप्रदाय सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को परिधिमा रही सेवा खरिद गरी सम्मपन्न गरिनेछ ।
- यस केन्द्रमा आ.व. २०८०/८१ विनियोजित वजेटबाटविषय विज्ञको सेवा खरिद, फिल्ड कार्यको लागि गाडी भाडाको खर्च, इन्धन खर्च, गोष्ठी, लक्षित समूह तथा सरोकारवालासँग छलफल, दैनिक भ्रमण भत्ता, संचार, सर्वेक्षण फारम, छपाई लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ ।

**अपेक्षित उपलब्धिहरुः**

१. नेपालका प्रमुख वनस्पति प्रजातिहरू जस्तै साल, सिसौ, खयर आदिको QR-Code तयार भएको हुनेछ ।

**कार्यक्रम नं.** : २.७.७.३८६

**कार्यक्रमको नाम** : **वन विज्ञानका विद्यार्थीहरुको लागि ५ महिनासम्मको Internship को व्यवस्था गर्ने ।**

वन क्षेत्रको दिगो तथा वैज्ञानिक व्यवस्थापन मार्फत नेपालको विकास र समृद्धिमा योगदान पुर्याउनको साथै वन नीति २०७५ को लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न वन क्षेत्रको संरक्षण, विकास र उपयोगको लागि शिक्षालाई सीपसँग, सीपलाई उत्पादन र रोजगारीसँग तादम्यता मिलाई मानव संसाधन विकासमा जोड दिनु पर्दछ। वन अनुसन्धान रणनीति, २०७३ र पन्ध्रौं योजना (आ.व. २०७६/७७—२०८०/८१) को आधारपत्रमा वन, जैविक विविधता तथा जलाधार क्षेत्रको उद्देस्य र रणनीतिमा वन क्षेत्रसँग सम्बन्धित अनुसन्धान निकाय, विश्वविद्यालय र अन्य संघ/संस्थासँग समन्वय, सहकार्य र साझेदारी गरी वन सम्बन्धि अध्ययन, अनुसन्धान, शोध, जनचेतना र क्षमता अभिवृद्धि गर्ने उल्लेख भएकोमा नेपाल सरकारले आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रममा वन विज्ञानमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुको लागि इन्टर्नसीपको व्यवस्था गरेर इन्टर्नशिप कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ। बन सम्बन्धि विश्वविधालय/अध्ययन संस्थान/कलेजमा अध्ययनरत विद्यार्थीलाइ नेपाल सरकारको कार्यालय/कार्यक्रममा संलग्न गराई ब्यबहारिक र ब्यबसायिक अनुभव दिलाउनुको साथै विश्वविधालय/अध्ययन संस्थान/कलेजका बिर्धार्थी मार्फत वन सम्बन्धि ज्ञान, सीप र प्रविधिलाई नेपाल सरकारका कार्यालय तथा कार्यक्रममा प्रयोग गर्न नेपाल सरकारवाट मान्यता प्राप्त र कोर्षमा इन्टर्नको व्यवस्था भएका विश्वविधालय/अध्ययन संस्थान/कलेजका स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत बिद्यार्थीलाई इन्टर्नको रुपमा परिचालन गरी विद्यार्थीहरुको ब्यबहारिक ज्ञान र अनुभव बढने र सेवा प्रवाहमा सुधार हुने गरी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमुलक बनाउन वान्छनीय भएकोले यस आ.व. ०७९/०८० मा पनि इन्टर्नशिपको व्यवस्था गरिएको छ ।

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न नेपाल सरकार आ.व. २०८०/८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु १,०८,४०,००० |- (अक्षरुपी एक करोड आठलाख चालिसचालिस हजार मात्र) विनियोजित गरिएको छ ।

**उद्देश्यः**

- वन विज्ञानमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई नेपाल सरकाले फिल्ड स्तरमा सञ्चालन गर्ने कार्यक्रममा संलग्न गराई ब्यबहारिक र ब्यबसायिक अनुभव दिलाउनुको साथै विश्वविधालय/अध्ययन



महानिर्देशक

संस्थान/कलेजका बिर्घार्थी मार्फत वन सम्बन्धि ज्ञान, सीप र प्रविधिलाई नेपाल सरकारका कार्यालय तथा कार्यक्रममा प्रयोग गर्ने

**कार्यान्वयन प्रक्रिया**

- वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत वन विज्ञानका विद्यार्थीहरूकालागि इन्टर्नशिपको व्यवस्था गर्ने कार्यक्रम कार्यान्वयन कार्यविधि निर्देशिका २०७६ अनुसारको प्रक्रिया पुरा गरी गरिनेछ ।

**अपेक्षित उपलब्धिहरु:**

१. वन विज्ञानमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूले फिल्ड स्तरमा सञ्चालन गर्ने कार्यक्रममा संलग्न गराई व्यबहारिक र ब्यबसायिक अनुभव प्राप्त गरेका हुने छन् साथै विश्वविधालय/अध्ययन संस्थान/कलेजका बिर्घार्थी मार्फत वन सम्बन्धि ज्ञान, सीप र प्रविधिलाई नेपाल सरकारका कार्यालय तथा कार्यक्रममा प्रयोग हुनेछ ।

**कार्यक्रम नं.** : २.७.७.४६९

**कार्यक्रमको नाम** : **Effect of resin extraction on *Pinus roxburghii***

**पृष्ठभूमि:**

Resin tapping पन्ध्रौ सताब्दीमा अमेरिकाबाट सुरु भएको र नेपालमा १९७३ देखी सुरुवात भएको तथ्याङ्क पाइन्छ । रोजिन एक ठोस एवम् अत्यधिक चिपचिपा, रुखहरुबाट प्राप्त हुने गैर क्रिस्टलीय जैविक यौगिक हो । Resin tapping गर्दा रुखको cambium र sapwood मा चोट लगाएर प्लास्टिक वा धातुको भाडोमा संकलन गरिन्छ | समग्रमा ८० प्रजातिका pinus प्रजातिका रुखहरुबाट खोटो संकलन गरिन्छ भने नेपालमा *Pinus roxburghii* बाट खोटो निकालिन्छ |

रोजिन Tapping का बिधिहरु :

१. रोजिन Tapping का तिब्रताको आधारमा :

    १. Light and continuous tapping
    २. Heavy tapping

२. चिरा पार्ने प्रबिधिको आधारमा :

१. Bark chipped method
२. Rill method

महानिर्देशक

३. Borehole method

नेपालमा हुने खोटो संकलनले खोटे सल्लाको जंगलमा पारेको नकारात्मक एवं सकारात्मक असरहरुको तथ्याङ्क संकलन र ती खोटे सल्लाका रुखहरुमा फंगल संक्रमण रहे नरहेको पुष्टी गर्ने हेतुले यो कार्यक्रम संचालन गर्न खोजिएको छ । नेपालको प्रमुख प्रजाति मध्ये एउटा खोटे सल्ला को जंगलमा रुखहरुको गुणस्तर, तथा खोटो संकलनबाट उत्पन्न भएका विभिन्न असरहरु एवम् फंगल संक्रमणको बारेमा जानकारी पत्ता लगाउन एकदम जरुरी देखिन्छ ।

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न नेपाल सरकार आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु १०,००,०००|- (अक्षरुपी दस लाख मात्र) विनियोजित भएको छ ।

**उदेश्यः**

१. Resin tapping फंगल संक्रमणको मुख्य कारण हो या होइन पत्ता लगाउने ।

२. Resin tapping ले गर्दा खोटे सल्ला प्रजातिका रुखमा कस्तो असर गरेको बारेमा पत्ता लगाउने ।

**मुख्य क्रियाकलापहरुः**

१. खोटे सल्लाको खोटो संकलन नभएको जंगल को पहिचान गर्ने ।

२. Literature review गर्ने ।

३. Data फरम्याट तयार गर्ने ।

४. Tree Borer को सहायताले core नमुनाहरु संकलन गर्ने ।

५. रुखको कोरमा फंगल संक्रमण बाट उत्पन्न बिकृति र क्षय ढाँचाहरु र क्षयको बाह्य सूचकहरू पत्ता लगाउने।

६. संकलित तथ्याङ्कको विश्लेषण गर्ने ।

७. अध्ययनको प्रतिबेदन तयार गर्ने ।

**अध्ययन विधिः**

अध्ययन खोटे सल्लाको जंगलमा गरिनेछ । अध्ययनको स्थलगत छनोट वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा छलफल गरी प्रोटोकलमा पेश गरिनेछ । अध्ययन गर्दा निम्न बुदागत रुपमा गरिनेछ ।



महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

- रुखको अवस्था रेखदेख, फोटोग्राफि तथा आधारभूत तथ्यांक संकलन
- खोटो संकलन भएको वा नभएको (Mother Tree) रुखहरुको क्रमबद्ध रुपमा बोरर को प्रयोग गरी नमुना संकलन गर्ने
- फंगल संक्रमण पत्ता लगाउने बिधिहरु निम्न उल्लेखित छन्:

    १. रूखको कोरमा विकृति र क्षय ढाँचाहरूद्वारा,

    २. क्षयको बाह्य सूचकहरू द्वारा, जस्तै फलफूल शरीरहरू,

    ३. रूखको कोरको निकासीको क्रममा बोरिंग प्रतिरोधमा अचानक परिवर्तनद्वारा

- संकलित नमुनाहरुको विश्लेषण गर्ने
- श्रमिक र स्थानीय श्रोत ब्यक्तिहरु सहयोगको लागि
- स्थानीय कर्मचारी (वन, संरक्षित क्षेत्र आदि आवश्यक भएमा)

**जनशक्तिः**

यसरी अध्ययन गर्दा दुई जना सहायक अनुसन्धान अधिकृत आवश्यक पर्छ। यसका साथै एक जना औजार बोक्ने भरिया र सम्बन्धित स्थानको स्थानीय श्रोत व्यक्तिको आवश्यकता पर्नेछ ।समग्रमा यस कार्यमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारी सहित एक भरिया र स्थानीय श्रोत व्यक्ति आवश्यक पर्ने देखिन्छ । आवश्यक जनशक्तिको बिवरण तथा योग्यता निम्न बमोजिम हुन पर्ने आवश्यक देखिन्छ |

१. सहायक अनुसन्धान अधिकृत — २ जना

२. स्थानीय श्रोत व्यक्ति— १ जना

    a. स्थानीय क्षेत्र वनको ज्ञान भएको (आवश्यकता बमोजिम काममा लिने)

३. भरिया/ज्यामी — १ जना

    a. तथ्याङ्क संकलनका लागि आवश्यक औजारहरू बोक्ने काम र नाप जांच कार्यमा सहयोगको लागि |

यसरी उल्लेखित जनशक्तिले एक दिनमा सल्लाको जंगलमा एउटा रुखको एक ठाउँ borer प्रयोग गरी अध्ययन गर्दा जम्मा १५ वटा रुखको कोर निकाल्नेछ ।यसका साथै सहायक अनुसन्धान अधिकृतले सो

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



महानिर्देशक

निकालिएको नमुना को संकलन गरि उचित व्यवस्थापन तथा विश्लेषण गर्न केन्द्रको dendrochronology ल्यावको प्रयोग गरिनेछ ।

**अपेक्षित उपलब्धिहरु :**

१. Resin tapping भएको रुखहरुमा फंगल संक्रमण को अवस्था पत्ता लागेको हुने।

२. Resin tapping नभएको Mother Tree हरुमा फंगल संक्रमण भएको नभएको पत्ता लाग्ने।

३. फंगल संक्रमण

**कार्यान्वयन प्रक्रिया :**

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले तयार गरे अनुरूपको Protocol र प्रस्ताव तयार गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा प्रस्तुतिकरण गरी प्राप्त सुझावका आधारमा अध्ययनको Protocol र Research Proposal तयार गरी महानिर्देशकबाट स्वीकृत गरी कार्य सञ्चालन गरिनेछ ।
- तथ्याङ्क संकलनका लागि विस्तृत तथ्याङ्क संकलन विधि तय गर्दा विभिन्न अन्तराष्ट्रिय Peer reviewed journal मा प्रकाशित लेख रचनाहरूका आधारमा ।
- यो कार्यक्रमको सञ्चालन योजना तथा नीति कार्यक्रम प्रभावकारिता अध्ययन शाखाको संयोजकत्वमा यस केन्द्रका मौजुदा कर्मचीहरूबाट गरिने छ । यदि यस केन्द्रको कर्मचारीहरूबाट फिल्ड कार्य सञ्चालन गर्नका लागि नपुग्ने भएमा विषय विज्ञहरूको सूची तयार गरी सोही सूची बमोजिम विज्ञ छनौट गरी दैनिक ज्यालादारीमा काममा लगाई कार्य सम्पन्न गरिने छ । साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ ।
- यस केन्द्रमा आ.व. २०८०/०८१ विनियोजित वजेटबाट विषय विज्ञको सेवा खरिद, फिल्ड कार्यको लागि गाडी भाडाको खर्च, इन्धन खर्च, गोष्ठी, लक्षित समूह तथा सरोकारवालासँग छलफल, दैनिक भ्रमण भत्ता, संचार, सर्वेक्षण फारम, छपाई लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ ।

२०८०/७/२५

महानिर्देशक

दुर संवेदन तथा नक्शांकन शाखा

कार्यक्रम नं. : २.७.७.१५६

कार्यक्रमको नाम : वनकोप्रकार तथा पारीस्थितिकिय प्रणालीको नक्साङ्कन

**पृष्ठभूमिः**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले नेपालमा भएका वन, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रका प्रकार तथा पारिस्थितिकिय प्रणालीहरुको नक्शांकन गर्ने उदेश्यले Project Design Document तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गरी आ. व. २०७७/७८ देखि विधिवत रुपमा Ecosystem and Forest Type Mapping Program संचालन गरिरहेको छ । यो कार्यक्रम वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत Project Design Document एवंम् Ecosystem and Forest Type Mapping Program को Inception Report को आधारमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको दुरसंवेदन तथा नक्शांकन शाखाद्वारा Ecosystem and Forest Type Mapping Program को Ecosystem Mapping Unit मार्फत कार्यन्वयन गरिनेछ ।

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न नेपाल सरकारआ.व. २०८०/०८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु ५,००,०००\- (अक्षरुपि पाँच लाख ) विनियोजित गरिएको छ । यसको अतिरिक्त अन्य सरकारी तथा गैरसरकारी श्रोतहरुबाट नियमानुसार प्राप्त गरिने वित्त समेत परिचालन गरिनेछ ।

**उद्देश्यः**

१. नेपालको पारिस्थितिकीय प्रणालीहरुसँग सम्बन्धित ज्ञान, तथ्यांक एवंम् नक्शाहरुको पूनरावलोकन गर्ने ।

२. वन–बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकारहरू एवम् पारिस्थितिकीय प्रणालीहरू पहिचान गरी नक्शाङ्कन गर्ने

३. पारिस्थितिकीय प्रणालीहरूको संवेदनशीलता मुल्यांकन गरी व्यवस्थापनका रणनीतिहरू पहिचान गर्ने ।

४. पारिस्थितिकीय प्रणालीहरूको नियमित अनुगमन गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

२०८०।११।१५

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

**मुख्य क्रियाकलापहरुः**

१. नेपालका वन—बुट्यान, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रका प्रकार एवं पारिस्थितिकीय प्रणालीहरुसँग सम्बन्धित ज्ञान, तथ्याङ्क एवं नक्शाहरुको पूनरावलोकन गरी तिनका प्रकारहरुको प्रारम्भिक सूची तयार गर्ने ।

२. वन—बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवं पारिस्थितिकीय प्रणालीहरुहरुको नक्शांकन एवं संवेदनशीलता मुल्यांकन गर्ने विधि तय गरी सो अनुरुप स्थलगत तथ्यांक संकलनको लागि आवश्यक फारामहरु साथै कार्यविधि (Standard Operating Procedure) तयार गर्ने ।

३. वन—बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवं पारिस्थितिकीय प्रणालीहरुहरुको नक्शांकन एवं संवेदनशीलता मुल्यांकन गर्न आवश्यक स्थलगत तथ्यांक संकलन गर्ने ।

४. विभिन्न स्रोतहरुबाट वन—बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवं पारिस्थितिकीय प्रणालीहरुको नक्शांकन एवं संवेदनशीलता मुल्यांकन गर्न सहयोगी द्वितियक तथ्यांक संकलन गर्ने ।

५. प्राथमिक तथा द्वितियक तथ्यांकहरुको आधारमा भू—उपग्रह चित्र (satellite Imagery) को वर्गिकरण गरी वन—बुट्यान, घाँसे मैदान, सिमसार र कृषिक्षेत्रका प्रकार एवं पारिस्थितिकीय प्रणालीहरुहरुको भौगोलिक अवस्थिति एवं संवेदनशीलता दर्शाउने नक्शाहरु र सोसँग सम्वन्धित प्रतिवेदनहरु तयार गर्ने ।

६. नेपालका पारिस्थितिकीय प्रणालीहरुको नियमित अनुगमन गर्न सहयोगी हुने गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको भौतिक—प्राविधिक पूर्वाधार स्तरोन्नति गर्ने ।

७. कार्यक्रम कार्यान्वयनका विभिन्न चरणहरुमा सरोकारवाला एवं विषयविज्ञहरुसँग परामर्श, समन्वय र सहकार्य गर्ने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अपेक्षित उपलब्धिहरुः**

१,नेपालका वन—बुट्यान, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रका प्रकार एवं पारिस्थितिकीय प्रणालीहरुको भौगोलिक अवस्थितिको अद्यावधिक नक्शा एवं विवरणात्मक प्रतिवेदन ।

महानिर्देशक

२.विभिन्न पारिस्थितिकीय प्रणालीहरुको संवेदनशीलताको स्तर दर्शाउने नक्शा एवं सो अनुरुप उपयुक्त व्यवस्थापन क्रियाकलापहरुको विवरण सहितको प्रतिवेदन ।

**कार्यसंचालन विधि**

यस कार्यक्रममा Ecosystem and Forest Type Program को Inception Report मा उल्लेखित नेपाल भरि पुर्व निर्धारित reference point तथा Purposive reference point हरु बाट वन, घाँसे मैदान, सिमसार र कृषि क्षेत्रका प्रकारहरुको तथ्यांक संकलन गरी अध्ययन विश्लेषण गरी कार्य सम्पन्न गरिन्छ ।स्थलगत तथ्यांक संकलनको लागि आवश्यक Crew Member हरु साझेदार संस्थाबाट लिइनेछ, जसको शुल्क तथा दैनिक भ्रमण भत्ता साझेदार संस्थाबाट उपलब्ध हुनेछ । स्थलगत तथ्यांक संकलनको लागि थप जनशक्ति आवश्यक पर्ने भएमा Ecosystem and Forest Type Mapping सम्बन्धि तालिम लिएका सो नभए वन स्रोत सर्वेक्षण सम्बन्धि फिल्डको अनुभव भएको दक्ष जनशक्तिहरुको सूची तयार गरी आवश्यक्ता अनुसार सोहि सूचीबाट लिने व्यवस्था गरिने छ ।साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ । यस केन्द्रमा आ.व. २०८०/०८१ विनियोजित वजेटबाट फिल्ड कार्यको लागि गाडी भाडाको खर्च, इन्धन खर्च, आवश्यक पर्ने उपकरण तथा TOPO नक्शा खरिद, दैनिक भ्रमण भत्ता Intern विद्यार्थीहरुको दैनिक भ्रमण भत्ता , सर्वेक्षण फारम, Standard Operating Procedure (SOP) प्रतिवेदन छपाई ,स्थलगत कार्यमा खटिइ जाने वन प्राविधिक कर्मचारीहरुको दुर्घटना विमा लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ ।

**कार्यक्रम नं.** : २.७.७.३९०

**कार्यक्रमको नाम** : **National Land Cover Monitoring System को update गर्ने प्रकार तथा**

**पृष्ठभूमिः**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले ICIMOD, NASA र USAID को प्राविधिक सहयोगमा नेपालको Land Cover नक्सांकन गर्ने प्रणाली (National Land Cover Monotoring System) को बिकास गरी सन् २००० देखि २०१९ सम्मको Landcover तयार गरी वन तथा वातावरण मन्त्रालयबाट सन् २०२० मा स्वीकृत भएको छ। गत अ.व. २०७९/८० मा सन् २०२० र २०२१ को Land cover अद्यावधिक गर्ने कार्य

जारी रहेको छ | उक्त Land Cover सम्बन्धि तथ्याङ्क वनसंग सम्बन्धि नीति निर्माण तथा अन्तरराष्ट्रिय सन्धि, सम्मेलनमा Reporting गर्न अति आवश्यक देखिन्छ | त्यसैले हरेक वर्ष यसको अद्यावधिक गरी नक्शांकन गर्नुपर्ने हुन्छ | यसै सन्दर्भमा सन् २०२२ को Landcover अद्यावधिक गरी नक्शांकन गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो |

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु ८,००,०००/-(अक्षरुपि आठ लाख ) बजेट विनियोजित रहेको छ |

**उद्देश्यः**

नेपालको सन् २०२२ को Land Cover अद्यावधिक गरी नक्शांकन गर्ने |

**मुख्य क्रियाकलापहरुः**

१. Land Cover Classification लाई आवश्यक पर्ने Land Cover Types को तथ्यांकहरु Visual Interpretation बाट संकलन गर्ने |

२. Google Earth Engine platform मा Land Cover Classification गर्ने |

३. Land Cover Classification को Accuracy Assessment को लागि Field Verification कार्य गर्ने |

**कार्यसंचालन विधिः**

यस कार्यक्रम दुर-सम्वेदन तथा नक्शांकन शाखा कै जनशक्ति बाट गर्ने, Visual Interpretation गर्न अपुग जनशक्ति सेवा करार गरेर कार्य सम्पन्न गरिनेछ | चालु आ.व. २०८०/०८१ मा विनियोजित बजेटबाट सन् २०२२ को LandCover तयार गर्ने आवश्यक तथ्यांक संकलन (Visual Interpretation) को लागि Remote Sensing and GIS सम्बन्धि ज्ञान भएको प्राविधिक कर्मचारीहरु सेवा करार खर्च, Land Cover को Field Verification को लागि दैनिक तथा भ्रमण भत्ता खर्च, गाडी भाडाको खर्च, इन्धन खर्च लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ | Land Classes को reference sample visual interpretation कार्य एक जना प्राविधिकले एक दिनमा ५० वटा reference sample collection गर्न सक्ने भएकोले आवस्यकता अनुसार आवश्यक पर्ने Remote Sensing and GIS सम्बन्धि ज्ञान भएको (कम्तिमा Remote Sensing तथा GIS

विषय लिएर वन विज्ञान वा इन्जिनियरिंगमा स्नातक तहको अध्ययन गरेको अनुभवी प्राविधिक जनशक्तिहरुको सूची तयार गरी आवश्यक्ता अनुसार सोहि सूचीबाट लिने व्यवस्था गरिने छ ।साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ ।

**अपेक्षित उपलब्धिहरु:**

१. कार्यक्रम पूर्ण रुपमा संचालन पश्चात नेपालको सन् २०२२ को Land cover अद्यावधिक भइ Land Cover को नक्शा तयार हुने |

**कार्यक्रम नं.** : २.७.७.३०४

**कार्यक्रमको नाम** : **Terrestrial Lidar बाट वन श्रोत सर्वेक्षण गर्ने**

**पृष्ठभूमिः**

नेपालमा रहेका सम्पूर्ण वन क्षेत्रहरुको वन श्रोत सर्वेक्षण गरी वन क्षेत्रको तथ्यांक अध्यावधिक गर्ने कार्य यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गर्दै आइरहेको छ | यहि शिलशिलामा संसारभर वन श्रोत सर्वेक्षण कार्यमा भित्रिएका नयाँ नयाँ सिप र प्रविधिको विकास गर्दै सिक्दै जाने र जानेका कुराहरुलाई सिकाउने कार्य पनि यस केन्द्रले गर्दै आइरहेको छ | सोहि क्रममा यस केन्द्रले Terrestrial LiDAR Scanner जस्तो नयाँ प्रविधि भित्र्याई वन श्रोत सर्वेक्षण गर्ने कार्यको सुरुवात गत आ.व.(२०७८/७९ ) बाट सुरु गरिएकोहो | गत आ.व.मारौतहट देखि पूर्वको तराईमा ३२ वटा स्थायी नमुना प्लटमा Terrestrial Laser Scannerतथ्यांक संकलन गरेकोमा यस आ.व.२०८०/८१मा तराई क्षेत्रमा ३६ वटा नमुना प्लटवाट तथ्यांक संकलन गरी तराई क्षेत्रको वन क्षेत्रको अध्ययन अनुसन्धान गर्न यो कार्यक्रम व्यवस्था गरिएको हो |

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न आ.व. २०८०/८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु १५,००,०००/- (अक्षरुपि पन्ध्र लाख ) बजेट विनियोजित रहेको छ |

**उद्देश्यः**

२०८०।४।१९
महानिर्देशक

तराईमा रहेका स्थायी नमुना प्लटहरु मध्य ३२ वटा प्लटबाट Terrestrial LiDAR र वन श्रोत सर्वेक्षण Field Mannual २०१९ अनुसार mannualy तथ्याङ्क संकलन गरी तुलनात्मक अध्ययन गर्ने ।

**मुख्य क्रियाकलापहरुः**

१. स्थायी नमुना प्लटहरुमा Terrestrial Laser Scanner तथ्यांक संकलन गर्ने ।

२. स्थायी नमुना प्लटहरुमा २० मिटर अर्धव्यास भित्रको गोलाकार प्लट बाट ५ cm भन्दा माथिको treespecies को Total Enumeration गर्ने ।

**अपेक्षित उपलब्धिहरुः**

१. Terrestrial LiDAR Scanner जस्तो नयाँ प्रविधि भित्र्याई तराईमा रहेका स्थायी नमुना प्लटहरु मध्य ३२ वटा प्लटको ३D तथ्यांकहरु संकलन हुने ।

२. वन श्रोत सर्वेक्षणबाट Mannualy संकलन गरिएको तथ्यांक र LiDAR बाट संकलन गरिएको तथ्यांकको तुलनात्मक अध्ययन गरी प्रतिवेदन तयार हुने ।

**कार्यसंचालन विधि**

Terrestrial LiDAR बाट वन श्रोत सर्वेक्षण गर्दा यस केन्द्रले तयार गरेको Inventory Field Manual अनुसार २० मिटर अर्ध व्यास भित्रको गोलाकार प्लट बाट Total Enumeration गर्नुपर्ने र उक्त प्लट भित्रको सम्पूर्ण variables capture हुने गरी नमुना प्लटको कम्तिमा पनि Centre, North, South, East and West मा राखी scan गर्न पर्ने हुन्छ । यी कार्यहरु वन अनुसन्धानका प्राविधिक कर्मचारी र अपुग भएमा व्यक्ति सेवा करार गरी गर्न पर्ने देखिन्छ । एउटा प्लटमा Terrestrial LiDAR Scanner बाट scan गरि तथ्यांक संकलन गर्न एक दिन लाग्दछ । यसरि LiDAR Scan गर्ने कार्य हालको नर्म्समा उल्लेख नभएको अवस्थामा उक्त कार्यको लागि प्राविधिक दुई जना र उक्त उपकरण बोक्न र ओसार पसार गर्न दुई जना स्थानीय श्रमिकको आवश्यकता पर्दछ । साथै उक्त प्लटमा २० मिटर व्यास भित्रको गोलाकार प्लटबाट ५ सेन्टीमिटर माथिको व्यास भएको रुखहरुको Total Enumeration गरेर तथ्यांक संकलन गर्नु पर्दछ जसको लागि वन, वनस्पति, वन्यजन्तु तथा भू-संरक्षण सम्बन्धि विकास निर्माण कार्यक्रमका लागि तयार गरेको नर्म्स २०७० बाट दर विष्लेषण गरी ,विनियोजित वजेटबाट वन प्राविधिक कर्मचारीहरु (Crew Leader, Assistant Crew Leader र



२०८१/०९/१४
महानिर्देशक

Technical Assistant) को DSA, फिल्डमा लाग्ने श्रमिक तथा स्थानीय स्रोत व्यक्ति खर्च, सेवा करार गर्नुपर्ने प्राविधिकहरुको खर्च, गाडी भाडाको खर्च, इन्धन खर्च, चेकर बोर्ड वा Spehere Ball खरिद खर्च र विविध (संचार, GPS battery, आदि) खर्चमा छुट्टाएर गरिनेछ | श्रमिक/सहयोगी/स्थानीय स्रोत व्यक्ति खर्च सम्बधित जिल्ला दर रेट आधारमा गरिनेछ | सम्भव भएसम्म वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको जनशक्तिहरुवाट स्थलगत तथ्यांक संकलन गरिनेछ र अपुग भएमा आवश्यक जनशक्ति वन स्रोत सर्वेक्षण सम्वन्धि फिल्डको अनुभव भएको दक्ष जनशक्तिहरुको सूची तयार गरी आवश्यक्ता अनुसार सोहि सूचीबाट लिने व्यवस्था गरिने छ |साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ |

**कार्यक्रम नं. : २.७.७.५७**

**कार्यक्रमको नाम : बनको जानकारी प्रकाशन तथा वितरण**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गर्दै आइरहेका सेवाहरु मध्ये बिगत ३३ वर्ष देखि नै बनको जानकारी (BANKO JANAKARI) नामक जर्नल प्रकाशन गरी वितरण गर्दै आइरहेको छ | यस जर्नलमा मुख्यगरी वन तथा वातावरणसंग सम्बन्धित वैज्ञानिक अध्ययन तथा अनुसन्धानबाट प्राप्त नतिजा सहितका बिभिन्न लेखहरु प्रकाशन हुने गर्दछ | प्रकाशनको शुरुवाती अवस्थामा केन्द्र आफैले गरेका अध्ययन तथा अनुसन्धानहरुबाट प्राप्त नतिजा सहितका लेखहरु प्रकाशन गर्ने गरेको भएतापनि पछिका दिनहरुमा केन्द्रको आफ्नो अध्ययन तथा अनुसन्धानका लेखहरुमा आएको कमि तथा अन्य सरोकारवालाहरुको मागसँगै यस जर्नलमा नेपालका विश्व बिध्यालयहरुबाट शैक्षिक अध्ययनको क्रममा (मुख्यगरी स्नाकोत्तर तथा विद्यावारिधी गर्ने क्रममा) गरिएका अध्ययन तथा अनुसन्धानहरु तथा अन्य स्वदेशी वैज्ञानिक लेखहरुलाई पनि समावेश गर्न थालियो | वन तथा वातावारण क्षेत्रसंग सम्बन्धित नेपालमा प्रकाशित हुने जर्नलहरुमध्ये यो सबैभन्दा उपल्लो दर्जाको अन्तराष्ट्रिय क्षेत्रबाट दुई तारे जर्नल (Two Star Journal) को मान्यता प्राप्त गर्न सक्षम रहेको छ तथा स्कोपस तथा सिमागो Q4 मान्यता प्राप्त इन्डेक्स भएको वन तथा वातावरण क्षेत्रमा नेपालमा अन्तराष्ट्रिय मान्यता प्राप्त एक मात्र जर्नल हो (https://www.scimagojr.com/journalrank.php?country=NP) | विद्यावारिधी गर्ने गराउने क्रममा विभिन्न विश्व बिध्यालयहरुले आफ्नो विद्यार्थीहरुलाई तोकिएको गुणस्तर कायम रहेको जर्नलमा आफ्नो



महानिर्देशक

अनुसन्धानको क्रममा प्राप्त नतिजा सहितको बैज्ञानिक लेख प्रकाशन गर्नु पर्ने बाध्यकारी शर्त राखेको देखिन्छ | विगतको एक दशक देखि त्रिभुवन विश्व विद्यालय अन्तर्गतको वन विज्ञान अध्ययन संस्थानले पनि वन विज्ञानको क्षेत्रमा विद्यावारिधी गराउन थालेको छ र यसले पनि बैज्ञानिक लेख प्रकाशन गर्नु पर्ने बाध्यकारी शर्त कायम राखेको छ | वन तथा वातावरण क्षेत्रमा अध्ययन गर्ने नेपाली विद्यार्थीहरुले विद्यावारिधि गर्ने क्रममा आफ्नो वैज्ञानिक लेखहरु हाल सम्म आफ्नो देशको जर्नलमा प्रकाशन गरेर मान्यता पाउन नसकी अन्तराष्ट्रिय जर्नलहरुमा भर पर्नु परेको अवस्था रहदै आएको छ | यसरी अन्तराष्ट्रिय क्षेत्रमा भर पर्नु पर्दा बढी खर्चिलो तथा समय पनि बढी लाग्न गै हैरानी समेत खेपिरहनु परेको अवस्था छ | यस सन्दर्भमा नेपाल सरकारले यस जर्नलको गुणस्तरमा सुधार गरेर राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यतामा सुधार गरी आफ्नो देशका विधार्थीहरुलाई यस जर्नलमा प्रकाशित लेखबाट पनि अध्ययनमा मान्यता दिलाई सहजता ल्याउनु पर्ने देखिएको छ भने आफ्नो देशको वन तथा वातावरण सम्बन्धी भएका गुणस्तरीय अध्ययन अनुसन्धान नेपाली सरोकारवाला समक्ष पुरयाई दिगो वन व्यबस्थापन गर्नु पर्ने दायित्व समेत रहेको छ | बैज्ञानिक लेख प्रकाशनहरु हालको अवस्थामा एक देशमा मात्र सिमित नभएर विश्वव्यापकरण भइरहेको सन्दर्भमा अन्तराष्ट्रिय अध्ययन तथा अनुसन्धानहरुबाट तयार गरिएका लेखहरु **बनको जानकारीमा** प्रकाशन गर्न सकेमा अन्तराष्ट्रिय शाखमा वृद्धि हुनुका साथै नेपालले यसबाट थप फाइदा समेत लिन सक्ने देखिन्छ | यसै सन्दर्भ मा यस जर्नल लाई गुणस्तरमा अझ बृधि गर्न पुनारबलोकनकर्ता ,सम्पादक तथा अंग्रेजी सम्पादकको पारिश्रमिक बढाउनु नितान्त आबश्यक छ |

वनक्षेत्रको विभिन्न आयामहरुमा भएका अध्ययन तथा अनुसन्धानहरुको प्राप्त नतिजाहरुलाई सरोकारवालाहरु समक्ष पुर्याउन यस केन्द्रले यस्ता लेखहरु समावेश गरी सन् १९८७ देखि निरन्तररुपमा **वनको जानकारी** जर्नल प्रकाशन गरी प्रचार प्रसार गर्दै आइरहेको छ |

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न नेपाल सरकारबाट आ.व. २०८०/०८१को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु ७,००,०००|- (अक्षरुपि सात लाख ) विनियोजित गरिएको छ |



२०८०/८/१९

महानिर्देशक

उद्देश्यः

- वन तथा वातावरणसंग सम्बन्धित वैज्ञानिक अध्ययन तथा अनुसन्धानबाट प्राप्त नतिजा सहितका विभिन्न लेखहरु प्रकाशन गर्ने।
- गुणस्तर कायम गर्ने ।

**कार्यसंचालन विधि तथा मुख्य क्रियाकलापहरुः**

- लेख संकलन ई-मेल तथा नेप जोल बाट गर्ने ।
- मापदण्ड अनुसार भए नभएको परिक्षण गर्ने ।
- मापदण्ड भए दुइ तथा तीन जना पूनरावलोकन कर्ता संग पुनरावलोकन गर्ने ।
- पूनरावलोकनहरु कर्ता बाट आएको टिप्पणीलाई लेखकको मा सुधारको लागि पठाउने यदि पुनरावलोकन कर्ता ले योग्य भनेमा यदि योग्य नभएमा लेखलाई प्रकाशन योग्य नभएको जानकारी लेखकको मा पठाउने ।
- प्रकाशन योग्य लेख सम्पादक मण्डल द्वारा स्वीकृत गराउने ।
- प्रकाशन योग्य लेख अंग्रेजी सम्पादन गर्ने ।
- डिजाइनरको मा डिजाइन गर्न पठाउने ।
- डिजाइन भएर आएको लेख विधुतीय माध्यम बाट प्रकाशन गर्ने ।
- सार्वजनिक खरिद प्रक्रिया द्वारा छपाई गर्ने ।
- विभिन्न शैक्षिक संस्था को भ्रमण गरी तथा बिधुतिय माध्यम बाट यस बारे जानकारी गराउने ।

**अपेक्षित उपलब्धिहरुः**

१. देश तथा बिदेश मा रहेका अनुसन्धानमुलक लेख प्रकाशन हुने ।

२. अन्तरास्ट्रिय गुणस्तरको लेख प्रकाशन हुने ।

महानिर्देशक

जिम्मेबार व्यक्ति

१. प्रमुख सम्पादक -१

२. सम्पादक -७ (बढन सक्ने )

३. सदस्य-सचिब १

४. अंग्रेजी सम्पादक -१

**कार्यक्रम नं.** : २.७.५.६१

**कार्यक्रमको नाम** : **अनुसन्धान मूलक लेख रचना प्रकाशन तथा वितरण**

वन अनुसन्धान तथा सर्वेक्षण सम्वन्धी नतिजाहरु यस्ले गर्ने मुख्यमुख्य कार्यहरुमा वनस्रोतको सर्वेक्षण, वनको अनुसन्धान तथा वनमा कार्यरत कर्मचारीहरुलाई तालिम प्रदान गर्नु रहेको छ । यस केन्द्रले गरेको वनस्रोतको सर्वेक्षण कार्यबाट वनक्षेत्रको एकिन तथ्यांक प्राप्त भइ त्यस्तो नतिजाहरुको आधारमा राष्ट्रले कायम गर्ने वनक्षेत्रको प्रतिशत निर्धारण गर्ने, राष्ट्रिय वन नीति तयार गर्न सहयोग पुर्याउने, वनक्षेत्रको भू उपयोगमा आएको परिवर्तनका कारणहरु पत्ता लगाई थप वनक्षेत्र बिनास हुनबाट जोगाउने, वनक्षेत्रले संचित गरेको कार्बनको मात्रा यकिन गरी अन्तराट्रिय रुपमा कार्बनको व्यापार गर्नमा सहयोग पुग्दै आएको छ । यसै गरी यसकेन्द्रले गरेको अनुसन्धानबाट प्राप्त नतिजाहरुको आधारमा वनक्षेत्रको विकास गर्न उपयुक्त पद्धतिहरु पत्ता लगाई सोही अनुसारका कार्यक्रमहरु संचालन गरी वनको समग्र विकासहुदै आएको छ र ती नतिजाहरुलाई प्रकाशन को माध्यम वाट प्रचारप्रसार गर्दै आएको छ । तालिमको माध्यमबाट प्रविधिमा आएको परिवर्तन तथा नया ज्ञान र सिपहरु प्रदान गरी कर्मचारीहरुलाई चुस्त र दुरुस्त राख्ने तथा यसका अतिरिक्त यस केन्द्र विभिन्न अन्तराट्रिय संघसंगठनको सदस्य तथा नेपाल सरकारको सम्पर्क बिन्दुको रुपमा समेत काम गर्दै आएको छ ।

यस केन्द्रले बिगत लामो समयदेखी नेपाल सरकारको आफ्नै लगानीमा वा मित्र राष्ट्र तथा अन्तराट्रिय संघ संगठनहरुसंगको सहयोगमा विभिन्न अध्ययन तथा अनुसन्धानहरु गरी प्राप्त नतिजाहरुलाई प्रतिबेदनका रूपमा पुस्तक तथा पुस्तिका प्रकाशन गरी सरोकारवालाहरु समक्ष पुर्याउने कार्य गर्दै आइरहेको छ । यसै सन्दर्भ मा

महानिर्देशक

प्रतिवेदन हरुको गुणस्तरमा अझ बृधि गर्न पुनारबलोकनकर्ता /सम्पादक /अंग्रेजी सम्पादकको पारिश्रमिक राखी प्रकाशनका कार्य गर्न नितान्त आबश्यक छ |

**विनियोजित बजेटः** रू ७००००० । अक्षेरूपी सातलाख रूपियाँ मात्र

**उद्देश्यः**

- वन तथा वातावरणसंग सम्बन्धित वैज्ञानिक अध्ययन तथा अनुसन्धानबाट प्राप्त नतिजा सहितका बिभिन्न लेखहरु प्रकाशन गर्ने|
- गुणस्तर कायम गर्ने |
- प्रकाशित सामाग्री हरुको वितरण गरी प्रचार प्रासार गर्ने |

**कार्यसंचालन विधि तथा मुख्य क्रियाकलापहरुः**

- लेख संकलन शाखाहरु बाट गर्ने |
- मापदण्ड अनुसार भए नभएको परिक्षण गर्ने |
- मापदण्ड भए पूनरावलोकन कर्ता संग पुनरावलोकन गर्ने |
- पूनरावलोकनहरु कर्ता बाट आएको टिप्पणीलाई लेखकको मा सुधारको लागि पठाउने यदि पुनरावलोकन कर्ता ले योग्य भनेमा यदि योग्य नभएमा लेखलाई प्रकाशन योग्य नभएको जानकारी लेखकको मा पठाउने |
- प्रकाशन योग्य प्राकाशन समिती द्वारा स्वीकृत गराउने |
- प्रकाशन योग्य लेख पूनरावलोकन तथा अंग्रेजी सम्पादन गर्ने |
- डिजाइनरको मा डिजाइन गर्न पठाउने |
- डिजाइन भएर आएको लेख विधुतीय माध्यम बाट प्रकाशन गर्ने |
- सार्वजनिक खरिद प्रक्रिया द्वारा छपाई गर्ने |
- प्रकाशित सामाग्री हरुको वितरण गरी प्रचार प्रासार गर्ने |

**अपेक्षित उपलब्धिहरुः**

- यस केन्द्र द्वारा गरिएका अनुसन्धान मूलक कार्यहरु प्रकाशन हुने |



महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौं

- अन्तरास्ट्रिय गुणस्तरको लेख प्रकाशन हुने ।
- निती निर्माता, अनुसन्धानकर्ता, बिद्यार्थीहरु लाभान्वित हुने ।

**माटो प्रयोगशाला**

**कार्यक्रम नं.** : २.७.७.६१

**कार्यक्रमको नाम** : **माटो प्रयोगशालाको Accreditation कार्यको निरन्तरता ।**

हाल यस केन्द्रको माटो प्रयोगशाला नेपालको Accreditation प्रदायी संस्था AERSSC बाट विगत १ वर्ष देखि Accredited रहेको छ । Accredited Laboratory को नतिजा विश्वसनीय तथा विश्वव्यापी मान्यता प्राप्त हुने भएकोले यसको निरन्तरता अति आवश्यक देखिन्छ ।

**उद्देश्य**

यस केन्द्रको माटो प्रयोगशालालाई अन्तराष्ट्रिय मापदण्ड अनुसार गरिएका Accreditation कार्यलाई निरन्तरता दिने ।

**कार्यान्वयन प्रकृया**

- Accreditation प्रदान गर्ने संस्था बाट Surveillance Audit गराउने ।
- माटो प्रयोगशालाका Equipment हरुको calibration गराउने ।
- माटो प्रयोगशालाको Internal Audit गराउने ।
- Management Review Meeting गर्ने ।
- PT/ILC मा सहभागी भई Acceptable result ल्याउनुपर्ने ।
- प्रयोगशालाको जनशक्तिलाई Accreditation सम्बन्धि तालिममा पठाउने तथा Accreditation सम्बन्धि तालिम सन्चालन गर्ने ।
- Certified reference material खरिद ।

**अपेक्षित उपलब्धिहरु**

माटो प्रयोगशाला ISO/IEC:2025 अनुसार Accreditation भएको हुनेछ ।

यस कार्यक्रम अन्तर्गत चालु आ.व. मा विनियोजित बजेट रु. ४ लाखलाई Accreditation प्रदायक संस्थाको सुझाव अनुसार प्रयोगशालाको जनशक्तिलाई अति आबस्यक Accreditation सम्बन्धि External तालिममा पठाउने कार्यको लागि रु ३.५ लाख तथा माटो प्रयोगशालाको Accreditation Fee/Surveillance Fee को लागि रु ५० हजार छुट्याउन आवश्यक देखिन्छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौ

**कार्यक्रम नं. : २.७.७.६२**

**कार्यक्रमको नाम : माटो प्रयोगशालाको सन्चालन तथा व्यवस्थापन गर्ने**

माटो प्रयोगशालाको सन्चालन तथा व्यवस्थापनको लागि माटोको नमुनाहरु विक्षेषण गर्नको लागि आवश्यक Chemical तथा Glassware खरिद गर्नुको साथै विक्षेषण कार्यमा प्रयोग हुने उपकरणहरु समय समयमा मर्मत गराउनुपर्ने हुन्छ ।

**उद्देश्य**

- यस केन्द्रको माटो प्रयोगशालालामा माटो विक्षेषणको लागि आवश्यक Chemical तथा Glassware खरिद गर्ने ।
- माटो प्रयोगशाला व्यवस्थित रुपमा सन्चालन गर्ने ।

**कार्यान्वयन प्रकृया**

- यस केन्द्रले तयार गरेको Protocol अनुरुप लागत अनुमान तयार गरी महानिर्देशकबाट स्वीकृत गराई कार्य सन्चालन गरिनेछ ।
- खरिद प्रकृया प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुरुप गरिनेछ ।
- यस शिर्षकमा विनियोजित बजेट Chemicals, Glassware खरिदको लागि खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धिहरु**

- यस केन्द्रको माटो प्रयोगशालालामा माटो विक्षेषणको लागि आवश्यक Chemicals तथा Glassware खरिद भएको हुने।
- माटो प्रयोगशाला व्यवस्थित रुपमा सन्चालन भएको हुने ।

यस कार्यक्रम अन्तर्गत चालु आ.व. मा विनियोजित बजेट रु. ४ लाख मध्ये रु १ लाख Glassware खरिदमा तथा बाकी रु ३ लाख Chemicals खरिद गरिनेछ ।

**कार्यक्रम नं. : २.७.७.४५४**

**कार्यक्रमको नाम : Macro and Micronutrient Analysis of Forest Soil of Terai Region**

माटो प्रयोगशालाबाट माटोमा हुने आवश्यक elements सम्बन्धि अनुसन्धानको कार्य गरी तराई क्षेत्रको Forest soil मा भएको macro तथा micro elements को अवस्था प्राप्त हुने ।

**उद्देश्य**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

महानिर्देशक

माटोको विश्लेषण गरी Forest soil मा Macro र Micronutrients को अवस्थाको प्रतिवेदन तयार गर्ने ।

## कार्यान्वयन प्रकृया

अनुसन्धानात्मक कार्यको प्रस्ताव तयार गरी केन्द्र बाट स्वीकृत गराई प्रस्ताव बमोजिम तराई क्षेत्रको Forest soil मा भएको Macro तथा Micronutrients अध्यनका लागि नमूना संकलन, नमूना विश्लेषणका लागि आवश्यक Chemicals तथा Glassware खरिद, नमूना विश्लेषण तथा प्रतिवेदन तयार गर्ने । यस कार्यक्रममा विनियोजित बजेट लाई माटो संकलनको लागि आवश्यक औजार खरिद, नमूना राख्ने भाडो, केमिकल्स, ग्लासवेयर्स, फिल्ड गेयर खरिद, दैनिक भ्रमण भत्ता, सवारी साधन भाडा, इन्धन, ज्यामी, भरीया, प्रतिवेदन तयारी तथा अर्को प्रयोगशालाबाट समेत गरिने परिक्षण शुल्क आदिमा खर्च गर्न सकिनेछ ।

## अपेक्षित उपलब्धिहरु

यस अध्यन बाट माटोको विश्लेषण गरी तराइको Forest soil मा भएको Macro तथा Micro nutrients सम्बन्धि प्रतिवेदन तयार हुने ।

यस कार्यक्रम अन्तर्गत चालु आ.व. मा विनियोजित बजेट रु.२० लाखको विस्तृत प्रस्ताव बनाई कार्य अगाडी बढाइनेछ ।

**कार्यक्रम नं.** : **११.३.११.१३६**

**कार्यक्रमको नाम** : **Flame AAS खरिद गर्ने ।**

माटोमा हुने essential elements जसले बोटबिरुवाको वृद्धि/ बिकाशलाई असर गर्दछ सो Elements हरु मात्रा विश्लेषण गर्न Flame AAS खरिद गर्ने ।

## उद्देश्य

माटोमा अवस्थित रहेका Elements विश्लेषण गर्ने Flame AAS खरिद गर्ने ।

## कार्यान्वयन प्रकृया

मेशिनको आवश्यक्ता अनुरुपको Specification तयार गर्न नेपाल सरकार अन्तर्गतका AAS संचालन भइ रहेको प्रयोगशालाहरुमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वनस्पति विभाग र वातावरण विभाग बाट सो मेशिनमा कार्यरत विज्ञहरुको सहयोगबाट मेशिनको Specification तयार गराइ, सो मेशिनको लागत अनूमान गरी, लागत अनुमान महानिर्देशकज्यूबाट स्वीकृत गराई, बोलपत्र आव्हान गरी, बोलपत्रदाताहरुबाट प्रतिस्पर्धा गराई मेशिन खरिद गरी संचालन गर्ने ।

२०८०/७/१४

अपेक्षित उपलब्धिहरु

Flame AAS Machine खरिद भई संचालन भएको हुने ।

यस कार्यक्रम अन्तर्गत चालु आ.व. मा विनियोजित बजेट रु.४५.५ लाखको दायरामा रही मेशिन खरिद प्रकृया अगाडी बढाउने ।

**केन्द्रीय वन पुस्तकालय**

**कार्यक्रम नं.** : २.७.७.६३

**कार्यक्रमको नाम** : **पुस्तकालयको ,संरक्षण, सञ्चालन र व्यावस्थापन**

वि.सं. २०१९ सालमा फरेष्ट रिसोर्स कार्यालयको नामवाट स्थापना भई वीच बीचमा विभिन्न नाम परिवर्तन भई वि.सं. २०७५ सालमा हालको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना सँगै यस केन्द्र अन्तर्गत रहेको केन्द्रीय वन पुस्तकालयको स्थापना भइ वनसँग सम्बन्धित प्राप्त सम्पूर्ण संकलन सम्बर्धन एवं व्यवस्थापन गर्दै आईरहेको छ । यस पुस्तकालयको प्रमुख कार्य वन सँग सम्बन्धित दक्ष/विज्ञ, अनुसन्धानकर्ता, वन विश्वविद्यालयका विद्यार्थी-अध्यापक, प्रशिक्षार्थी लगायत वनमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको आवश्यक पर्ने श्रोत सामग्री जस्तैः स्वदेशी तथा विदेशी जर्नल, पुस्तक, थेसिस, पत्र-पत्रिका लगायत सामग्री संकलन तथा व्यवस्थापन कार्य गरी वन क्षेत्रको वैज्ञानिक अध्ययन अनुसन्धान,वनश्रोत सर्वेक्षण,डाटावेस,नक्साङ्कन मापन,प्रविधिको प्रचार प्रसार, क्षमता अभिबृद्धिमा प्रत्यक्ष-अप्रत्यक्षरुपमा यो केन्द्रीय वन पुस्तकालयले टेवा पुर्‍याउदै आइरहेको व्यहोरा विदितै छ ।

**उद्देश्यः**

क) संस्था सँग सम्बन्धित सबै प्रकारका आवश्यक डकुमेन्ट संकलन तथा व्यवस्थापन गर्ने ।

ख) अनुसन्धान कार्यमा सहयोग पुग्ने गरी पुस्तकालय सेवा प्रदान गर्ने आदि रहेको छ ।

ग) पुस्तकालय शाखामा रहेको सम्पूर्ण सामग्रीहरुलाई संरक्षण सम्बर्धन का साथै चुस्त—दुरुस्त व्यवस्थापन गर्ने गराउने ।

**कार्यान्वयन प्रक्रिया**

पुस्तकालयको प्राविधिक कार्यहरु (Accession, Classification, Digitization and Analytical cataloging, Online Database र End Processing) PMB वा KOHA सफटवेयर अपडेट गरी डाटा इन्ट्री, अटोमेशन, डिजिटाइजेशन, पुस्तकालय अवलोकन भ्रमण, पुस्तकालय दिवस, कारपेटीङ्ग, विषादी औषधि आदि बजेटले भ्याए सम्मको कार्यहरु खरिद इकाईसँग समन्वयगरी कार्य सम्पादन गर्ने र विनियोजित बजेट मध्येबाट १,०४,०००/- एक लाख चार हजार रुपैया विनियोजित भएको र पुस्तक को संरक्षण को लागि किटनाशक औषधिहरु लगायतका सामग्री अमानतबाट खरिद गरिनेछ ।

**अपेक्षित उपलब्धीहरूः**

- यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तगत रहेको पुस्तकालयलाई व्यवस्थित एवं आधुनिक पुस्तकालय निर्माण आवश्यक प्रारुप तयार गर्नमा सहयोग पुग्ने ।



महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौं

**कार्यक्रम नं. : २.७.७.६५**

**कार्यक्रमको नाम : पुस्तक, पत्रिका, जर्नल, ई जर्नल, ई बुक खरिद गर्ने ।**

नेपालमा रहेका सम्पूर्ण वन क्षेत्रहरुको वन श्रोतहरुको वन श्रोत सर्वेक्षण गरी वन क्षेत्रको तथ्यांक अध्यावधिक गर्ने कार्य यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गर्दै आईरहेको छ । संसारभर वन श्रोत सर्वेक्षण कार्यमा भित्रिएका नयाँ नयाँ प्रविधि सिपको विकास गर्दै सिक्दै सिकाउने कार्यका साथै विभिन्न तालिम समेत यस केन्द्र वाट संचालन हुदै आएको छ । उपरोक्त उद्देश्यहरु पुरा गर्न सो कार्यमा आवश्यक सहयोगका लागि यस केन्द्रमा पुस्तकालय विशिष्ट प्रकारको पुस्तकालय स्थापना गरिएको छ । अनुसन्धानकर्ता एंव व्यवसायिक व्यक्तिहरुलाई सेवा प्रवाह गर्ने उदेश्यले एकै विषयमात्र संकलन गरी वा सिमित वर्ग विशेषको आवश्यकता पूरा गर्ने अभिप्रायले स्थापना गरि सेवा दिने पुस्तकालयलाई विशिष्ट पुस्तकालय भनिन्छ । खास विषयमा मात्र संकलन हुने हुनाले यस्तो पुस्तकालयमा संख्यात्मक आधारमा थोरै संकलन भए पनि विशिष्ट किसिमका पाठक भएकाले सबै किसिमका पुस्तकालय सेवाहरु यस्तो पुस्तकालयले दिनुपर्दछ । यस प्रकारको पुस्तकालयहरु मुख्य रुपमा संघ संस्था, सचिवालय,आयोग, मन्त्रालय आदिमा आवश्यक भई स्थापना भएको हुन्छ ।

**उद्देश्यहरूः**

- विभिन्न पुस्तक, पत्रिका, जर्नल, ई जर्नल, ई बुक खरिद गर्ने ।

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यान्वयन प्रक्रियाः

यस अन्तर्गत आश्बश्यकता अनुसार हरेक त्रैमासिकमा स्वदेशी–विदेशी सबै प्रकारका पुस्तक, पत्रिका, जर्नल, ई जर्नल, ई बुकहरु वार्ता, अमानत, विदेशबाट वा सोझै बजारबाट बजेटको परिधिभित्र रहि खरिद गर्ने ।

अपेक्षित उपलब्धीः

- विभिन्न पुस्तक, पत्रिका, जर्नल, ई-जर्नल, ई-बुक खरिद भएको हुने ।

**कार्यक्रम नं. : २.७.७.४६३**

**कार्यक्रमको नाम :** INBAR को सचिवालय व्यवस्थापन तथा सञ्चालन

वेत र बाँस सम्बन्धी प्रविधि विकास लगाय अन्य कामहरू गर्नका लागि चिन सरकारको अगुवाईमा सन् १९९७ मा बाँस र वेत सम्बन्धी अन्तर्राष्ट्रिय संस्था International Network for Bamboo and Rattan (INBAR) को स्थापना भई बाँस र वेत सम्बन्धी विभिन्न प्रविधि विकासका साथै यसबाट विभिन्न किसिमका सरसामानहरू बनाउनमा सहयोग गर्दै आएको छ भने नेपाल उक्त सञ्जालको वि.सं. २०५४ देखि सदस्य भई निरन्तर क्रियाशिल रहेको छ । हाल नेपालमा उक्त संस्थाको अध्यक्ष रहेको र उक्त सञ्जाल अध्यक्ष भएपश्चात फोकल कार्यालयमा उक्त सञ्चालको कार्यालय स्थापना गरी सञ्चालन गर्नु पर्ने भएकाले आ.व. ०८०/०८१ को स्वीकृत कार्यक्रममा बजेट विनियोजन गरिएको छ ।

उद्देश्यः

INBAR को सचिवालय व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक पूर्वाधारहरू खडा गरि सञ्चालन गर्ने ।

मुख्य क्रियाकलापहरुः

१. INBAR secretriate को लागि कार्यालय कोठाको व्यवस्था गर्ने र Thirteenth Council session सञ्चालनका लागि INBAR ले प्रस्ताव गरे बमोजिमका सामाग्रीहरू जस्तैः Desktop Computer, Printer/Photocopy जस्ता सामाग्रीहरूको सार्वजनि खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को प्रक्रिया बमोजिम खरिद गरि कार्यालयको व्यवस्थापन गरिने छ ।

अपेक्षित उपलब्धिहरुः

१. INBAR secretriate को सञ्चालनका लागि कार्यालयको व्यवस्थापन तथा सञ्चालन गरिने छ ।

**शहरी तथा कृषि वन शाखा**

**कार्यक्रम नं. : २.७.७.४५७**



महानिर्देशक

**कार्यक्रमको नाम** : निजी जग्गामा वृक्षारोपणका लागि उपयुक्त रूख प्रजातिहरूको छनौट सम्बन्धी अध्ययन अनुसन्धान

**पृष्ठभूमिः**

निजी वन व्यवस्थापन वन क्षेत्र रणनीति २०१६ मा उल्लिखित प्राथमिकताका कार्यहरू मध्ये एक हो। निजी क्षेत्रको वन व्यवस्थापनको रणनीतिक दृष्टिकोण वनको दिगो आपूर्ति अभिवृद्धि गर्न सार्वजनिक र निजी जग्गाबाट वन उत्पादनको उत्पादनमा संलग्नता र लगानीलाई प्रवर्द्धन र विस्तार गर्ने हो। उत्पादन र सेवाहरू, ग्रामीण आय वृद्धि गर्न, "हरियो" रोजगारी सिर्जना गर्न र राष्ट्रिय आर्थिक विकास र समावेशी वृद्धिमा योगदान गर्न। नियामक र वित्तीय नीतिहरू, निजी वनको लागि समर्थन, ज्ञान र प्रविधि र संस्थागतकरण रणनीति र कार्यहरू हुन् जुन नेपालका सबै क्षेत्रहरूमा निजी क्षेत्र व्यवस्थापनका लागि लागू गरिनेछ।देशमा निजी वन प्रवर्द्धन गर्ने प्रयासमा निजी वन विकास निर्देशिका सञ्चालनमा ल्याइयो। निर्देशिकाले निजी जग्गामा वृक्षारोपणका लागि उपयुक्त २६ रूख प्रजातिहरूको सूची प्रदान गर्दछ। यी रुखहरू मुख्यतया नेपालको पहाड र तराई दुवै क्षेत्रमा रोप्न निर्देशन दिएर सिफारिस गरिएको छ। तसर्थ यस कार्यक्रम मार्फत केन्द्रले निजी जग्गामा वृक्षारोपणका लागि उपयुक्त रूख प्रजातिहरूको छनौट सम्बन्धी संबन्धित निकायलाई सिफारिस गर्ने उदेश्यका लिएको छ । यो कार्यक्रम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको शहरी तथा कृषि वन शाखा मार्फत कार्यन्वयन गरिनेछ ।

**विनियोजित बजेटः**

यो कार्यक्रम कार्यन्वयन गर्न नेपाल सरकार आ.व. २०८०/८१ को वार्षिक कार्यक्रममा तपसिल बमोजिम रु ५,००,००० |- (अक्षरुप पाचँ लाख मात्र) विनियोजित भएको छ ।

**उद्देश्यः**

- निजी जग्गाका रूख प्रजातिहरूको स्थिति locality factorsका आधारमा मूल्याङ्कन गर्ने।
- बजारको माग र स्थानको उपयुक्तता अनुसार निजी रूख उत्पादकहरू, वनमा आधारित उद्यमीहरू र वन प्राविधिकहरूसँगको छलफलको आधारमा उपयुक्त रूख प्रजातिहरूको प्राथमिकिकरण गर्ने।
- Locality factors अनुसार मूल्याङ्कन गरिएका रूख प्रजातिहरूको Silvicultural characteristics समीक्षा गर्ने।



महानिर्देशक

* निजी जग्गामा उपयुक्त वृक्षारोपण रूख प्रजाति छनोटको मापदण्ड विकास गर्ने ।
* निजी जग्गामा वृक्षारोपणका लागि उपयुक्त रूख प्रजातिको सिफारिस गर्ने ।

## मुख्य क्रियाकलापहरु:

१. Literature review गर्ने |
२. Research methodology तयार गर्ने |
३. अध्ययनको questionnaire formats तयार गर्ने |
४. सरोकारवालासंग छलफल गोष्ठी गर्ने |
५. तथ्यांक संकलन गर्ने |
६. संकलित तथ्यांकको विश्लेषण गर्ने |
७. अध्ययनको रिपोर्ट तयार गर्ने |
८. कार्यक्रम कार्यान्वयनका विभिन्न चरणहरुमा सरोकारवाला एवं विषयविज्ञहरुसँग परामर्श, समन्वय र सहकार्य गर्ने ।

## अपेक्षित उपलब्धिहरु:

- निजी जग्गामा उपयुक्त वृक्षारोपण रूख प्रजाति छनोटको criteria विकास गर्ने ।
- निजी जग्गामा वृक्षारोपणका लागि उपयुक्त रूख प्रजातिको सिफारिस गर्ने ।

## कार्यसंचालन विधि

यस कार्यक्रमको रिंसर्च प्रोटोकल तयार भई सोहीअनुरूप तथ्यांक संकलन तथा अध्ययन विश्लेषण गरि कार्य सम्पन्न गरिनेछ | यस कार्यक्रम मुलत शहरी तथा कृषि वन शाखाको जनशक्ति बाट गरिनेछ | यधपि जनशक्ति र विषय बिज्ञ को आवश्यकता अनुरुप जनशक्ति सेवा करार गरेर कार्य सम्पन्न गरिनेछ | स्थलगत तथ्यांक संकलनको लागि आवश्यक स्थानीय श्रोत व्यक्तिहरुको सहयोग लिईनेछ | आवश्यकता अनुसार अध्ययनको methodology, questionnaire development र रिपोर्ट तयारीको लागि बिषयसंग संबन्धित अनुभव भएको यस केन्द्रमा सुचिकृत विज्ञहरुको सूचीबाट लिने व्यवस्था गरिने छ | साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा Intern मा संलग्न विधार्थीहरुलाई समेत आवश्यकता अनुसार परिचालन गरिनेछ | यस केन्द्रमा आ.व. २०८०/८१ विनियोजित बजेटबाट बिज्ञ खरिद, फिल्ड कार्यको लागि गाडी भाडाको खर्च, इन्धन खर्च, गोष्ठी, लक्षित समूह तथा सरोकारवालासंग छलफल, दैनिक भ्रमण भत्ता, संचार,

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौ

सर्वेक्षण फारम, प्रतिवेदन छपाई लगायत विविध खर्चमा छुट्टाएर खर्च गरिनेछ । Focus group discussion को लागि आवश्यक पर्ने सहजकर्ता संबन्धित छेत्र बाट नै लिइने छ ।

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र (३२९०६०११)

उद्देश्य

यस कार्यक्रम कार्यान्वयन कार्यविधिको उदेश्य निम्न बमोजिम हुनेछः-

- यस केन्द्रबाट सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापको पृष्ठभुमी र उद्धेश्य स्पष्ट पार्ने
- कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्दा बजेट खर्च हुने मुख्य मुख्य क्रियाकलाप तथा गतिविधिहरु प्रष्ट गर्ने
- कार्यक्रम संञ्चालन गर्दा खरिद प्रक्रिया निर्दिष्ट गर्ने
- कार्यक्रम संचालन र संपन्नताको सूचक तथा उपल्बधीहरु सुचीकृत गर्ने
- अनुगमन तथा मुल्याङकन र लेखा परिक्षणलाई सहजीकरण गर्ने
- सरल र सहज सेवा पर्वाह गर्ने

चालु खर्च तर्फको कार्यक्रम

**१.विकासका र संरक्षणका लागि व्यवस्थापन तालिम(सेवाकालिन तालिम(सेवाकालिन) नेपाल वन सेवा रा.प.तृतीय श्रेणीका कर्मचारी तथा विकासका लागि वन संरक्षण र व्यवस्थापन तालिम (सेवाकालिन) नेपाल वन सेवा रा.प.अन.प्रथम श्रेणी रेन्जरका लागि**

| क.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्धेश्य | यस कार्यक्रमले विकास र संरक्षण एक अर्काका परिपूरक भएको अवगत गराँउदै स्वीकृत पाठ्यक्रम अनुसार तालिम सञ्चालन गरी सहभागीहरुलाई आवश्यक शिप र ज्ञान स्थान्तर र व्यवहार परिवर्तन गराँउदै वृद्धि विकाससंग आवद्ध गराउने।प्रशासन तथा व्यवस्थापन,समग्र वन क्षेत्रसँग सम्बन्धित दिगो वन व्यवस्थापन,वन क्षेत्रसँह सम्बन्धित आयोजना पहिचान,निर्माण र कार्यन्वयन तथा अन्य सार्वजनिक सेवामा दक्षता बढाउने गरी यस तालिमको पहिचान गरिएको हो । |



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

२०८०/११/१५ महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौं

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| २ | तालिम संचालन गर्दा गरिने आवश्यक क्रियाकलाप | तालिमका प्रशिक्षक तथा तालिम अवधिभर तालिम व्यवस्थापनमा सहयोग पुर्याउने कर्मचारीको लागि खाजा, खाना,यातायाय,सञ्चार खर्च आवश्यकता अनुसार व्यवस्थापन गर्ने।<br>तालिममा आवश्यकता अनुसार समान्नतर सत्र संचालन गरिनेछ।<br>विकास र संरक्षणका लागि व्यवस्थापन तालिम म्यानुयल,२०७९ को बुदाँ नं.१.६ मा व्यवस्था भए बमोजिम २ जना सह-संयोजकलाई अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ मा व्यवस्था भएको संयोजक भत्ता उपलब्ध गराउने।प्रत्येक खण्डको प्रश्नपत्र तयारी गरेबापत १ सत्र र उत्तर पुस्तिका जाँच गरेबापत २ सत्र बराबरको पारिश्रमिक दिने ।<br>संयोजक/सहसंयोजकलाई लागत अनुमान बमोजिम संचार शुल्क दिने । |
| ३ | कार्यप्रक्रिया | विकास र संरक्षणका लागि व्यवस्थापन तालिम म्यानुयल,२०७९ अनुसारविषय विज्ञलाई निमन्त्रणा गरी पाठ्यक्रम अनुसार तालिम संचालन गरिनेछ। |
| ४ | खर्च प्रक्रिया | कार्यसम्पन्नताको आधारमा भुक्तानि गर्ने । |
| ५ | प्रगतिको सूचक तथा उपलब्धि | कार्यसम्पन्न प्रतिवेदन र वार्षिक प्रतिवेदनमा उल्लेख भएको हुनेछ। यस तालिमममासहभागी कर्मचारीहरुले यस तालिमबाट प्राप्त प्रशासन तथा व्यवस्थापन, वन क्षेत्रको दिगो व्यवस्थापन सार्वजनिक सेवाको दक्षता र प्रभावकारिता र वन क्षेत्रसँग समबन्धित विषयवस्तु आ-आफनो कार्य क्षेत्रमा लागु गर्न सक्षम भएका हुनेछन्।साथै यस तालिमबाट कर्मचारीको वृतीविकासमा मद्दत पुगेको हुनेछ । |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



महानिर्देशक

## २. यस केन्द्रबाट संचालन हुने छोटो तालिमहरु

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्धेश्य | वन सेवामा कार्यरत विभिन्न तहका कर्मचारीहरुको व्यक्तिगत विकास,सीप विकास र क्षमता विकासका लागि विभिन्न किसिमका छोटो अवधिका तालिमहरु संचालन गर्ने । |
| २ | खर्च हुने क्रियाकलाप | छोटो तालिम संचालनका गर्नका लागि लागत अनुमान बमोजिम तालिम व्यवस्थापन समितिको लागि खाजाको व्यवस्थापन गर्ने। सह-संयोजक र संयोजकको लागि संचार शुल्क दिने । |
| ३ | कार्यप्रक्रिया | छोटो अवधिको तालिम संचालनका लागि सह-संयोजकको व्यवस्था गर्ने। तालिम व्यवस्थापन समिति गठन गर्ने ।विभिन्न विषयका विज्ञहरुलाई निमन्त्रणा गरी आवश्यकता अनुसारको तालिम समचालन गर्ने । |
| ४ | खर्च प्रक्रिया | कार्यसम्पन्नताको आधारमा भुक्तानि गर्ने । |
| ५ | प्रगतिको सूचक तथा उपलब्धी | कार्यसम्पन्न प्रतिवेदन र वार्षिक प्रतिवेदनमा उल्लेख भएको हुनेछ। |

महानिर्देशक

**समृद्धिका लागि वन कार्यक्रम (३२९००१०५)**

**कार्यक्रम नं.** :२. ५. ३.१७३

**कार्यक्रमको नामः** **प्रमुख सात रुख प्रजातिहरुको Allometric Equation तयार गर्ने कार्यको निरन्तरता**

**विनियोजित वजेटः रु ३,३६००००।००**

**कार्यक्रम सञ्चालन विधिः**

यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गत आर्थिक वर्ष २०७९/०८० मा प्रमुख सात रुख प्रजातिको Allometric Equation तयार गर्ने कार्यक्रम अगाडि बढाएकोमा पूर्वी खण्ड तर्फको क्लस्टर २ मा केहि रुखहरु काटी तथ्याङ्क संकलन गर्ने कार्य बाँकी रहन गएकोले सो कार्यक्रम सम्पन्न गरी ती सात रुख प्रजातिका Allometric Equation तयार गर्न गर्नु पर्ने थप कार्यहरु समेत गर्न यो कार्यक्रम राखिएको हो । यस पूर्वी खण्डको सेवाप्रदायक संस्था लाई सम्झौताको म्याद थप गरी सकिएको र उक्त संस्थाले कटान गरी तथ्याङ्क संकलन गर्न बाँकी २४ गोटा रुखहरुको कार्य सम्पन्न गरी नमुना तथा tally sheet यस केन्द्रमा पेश गर्ने छ । सेवाप्रदायक संस्थालाई कार्य सम्पन्न गरी सकी पछि सम्झौता बमोजिम भुक्तानी हुन बाँकी रकम भुक्तानी गरिने छ । साथै पेश गरेको नमुना तथा tally sheet रुजु गरी गत आ. व. २०७९।०८० को तथ्याङ्क र यस आ व २०८०/०८१ को तथ्याङ्कको checking validation जस्ता कार्यहरु गरी तथ्याङ्क विश्लेषण गरिनेछ । फिल्ड कार्यको निरिक्षण तथा प्राप्त तथ्याङ्कहरुको गुणस्तर चेक जाँच कार्यको लागि यस केन्द्रको उपमहानिर्देशक (अनुसन्धान हेर्ने) को संयोजकत्त्वमा वन तथा भू संरक्षण विभाग, रेड कार्यान्वयन केन्द्र तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग समेतको प्रतिनिधित्व भएको प्राविधिक समितिको निर्देशन तथा नियन्त्रणमा कार्य गरिने छ । समितिले आवश्यकता अनुसार अन्य विज्ञ/व्यक्तिलाई आमन्त्रण गर्न सक्ने छ । प्राविधिक समिति तथा आमन्त्रित सदस्यलाई कार्य संचालन निर्देशिका २०७७ बमोजिम बैठक भत्ता उपलव्ध गराउनु पर्ने रहेमा व्यवस्था गर्न सकिने छ ।

कटान हुन बाँकी रहेका रुखहरुबाट प्राप्त भएका काठका नमुनाहरूको यस केन्द्रबाट स्वीकृत Protocol अनुसार air dry, oven dry गरिनेछ । यसरी प्राप्त भएको तथ्याङ्कको व्यवस्थित रूपमा प्रविष्ठ गर्ने air dry, oven dry कार्यको तथ्याङ्क टिपोट गर्ने,प्राप्त नमुनाहरू air dry, oven dry भए नभएको नियमित रूपमा चेक जाँच गर्ने



महानिर्देशक

कार्यहरूमा  सहयोग गर्नका लागि कम्तिमा I.Sc. Forestry गरेको Forest technician एक जना र ल्याब ब्वाई १ जना गरी २ जनालाइ सेवा खरिद मार्फत खरिद गरी उक्त कार्य गरिनेछ । फिल्डको तथ्याङ्कको तयारी र प्रयोगशालाबाट प्राप्त तथ्याङ्कलाइ cleaning, checking, validation समेत गरिनेछ । सो कार्यको सहजीकरण गर्न विज्ञको सेवा खरिद गरी तथ्याङ्कको विश्लेषण/ प्रतिवेदन तयार/प्रतिवेदन पुनरावलोकन गरिने छ । प्रयोगशालाको कार्य नसकिए सम्म विश्लेषण गर्न नसकिने भएकोले समयमा कार्य गर्न नसकिने देखिएमा थप oven खरिद गरी कार्य अगाडि बढाइने छ । Tally sheet व्यवस्थापनको लागि आवश्यक दराजहरु, कम्प्युटर टेवलहरु खरिद गरि उचित व्यवस्थापन गरिनेछ। Laptop, desktop तथा प्रिन्टर खरिद गरिनेछ । तथ्याङ्क विश्लेषण योग्य भएपछि आवश्यकता अनुसार तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयार गर्न विज्ञ परामर्श दाता समेतको सहयोगमा कार्य सम्पन्न गरिने छ | साथै उक्त कटान गरिने रूखको कटान गर्नु पूर्व Terristerial Lidar बाट Scanning पनि गरिने छ ।यसरी Terristerial Lidar बाट Scanning गर्ने कार्यका लागि २ जना ज्यामी/भरिया को प्रयोग गरिने छ ।

फिल्डमा जाने तथा यस कार्यमा ल्याबमा काम गर्ने कर्मचारीहरुको लागि निम्नानुसारको फिल्ड गेयर / सुरक्षाका समानहरुको व्यवस्था गरिने छ।

फिल्ड गेयरमा

- फिल्ड झोल
- ज्याकेट
- ट्राउजर
- जुत्ता र मोजा
- टोपी (Cap)
- Vacuum Flask (hot water bottle)
- Tiffin box
- ग्लोभ्स
- एप्रोन, चश्मा आदि ।

महानिर्देशक

यी कार्यक्रमहरु संचालन गर्न वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको protocol अनुसार Protocol र लागत अनुमान स्वीकृत गरिने छ ।

जनशक्तिः नमुना संकलन को कार्य गत वर्ष सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही छनौट गरिएको सेवाप्रदायक संस्था मार्फत गरिने छ । कटान आदेश लिने तथा फिल्डकार्यको अनुगमनको लागि यसै केन्द्रको कर्मचारी तथा सम्वन्धित डिभिजन वन कार्यालयबाट गरिने छ । उक्त कार्यका लागि आवश्यकता अनुसार ज्यामी तथा स्थानीय वन समुहको प्रतिनिधिहरुको समेत प्रयोग गरिने छ । केन्द्रका कर्मचारीहरुबाट तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयार गर्न विषयगत विज्ञ (बायोमेट्रीसियन) को सहयोगमा गरिने छ ।

- ल्यावमा काम गर्ने १ जना सहयोगी ISc forestry पास गरेको राखिने छ र राजपत्र अंनकित प्रथम श्रेणी कर्मचारीको शुरु तलव स्केल सरह सुविधाको व्यवस्था गरिने छ ।
- ल्याबमा काम गर्नका लागि कार्यालय सहयोगीको तलब बराबरको तलब हुने गरी राखिनेछ ।
- छपान, कटान आदेश आदिको लागि प्रति दिन २ जना सम्म ज्यामी राखिने छ ।
- Monitoring को लागि एक दिनको लागि १ जना ज्यामी राखिने छ ।
- Validation को लागि एक दिनको लागि २ जना ज्यामी राखिने छ ।
- Allometric Equation तयार गर्नका लागि तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयार गर्न Masters in Forest Biometry गरेको लाई लिईने छ तर Biometry मा Ph. D. गरेको लाई प्राथमिकता दिईने छ ।

अपेक्षित उपलब्धिः

- पूर्वी खण्डको सेवा प्रदायक संस्थाले कटान गरी तथ्याङ्क संकलन गर्न बाँकी २४ गोटा रुखहरुको कार्य सम्पन्न गरी नमुना तथा tally sheet यस केन्द्रमा प्राप्त हुने ।
- ल्यावको काम सम्पन्न हुने ।
- तथ्याङ्कहरुको cleaning, validation भइ विश्लेषण योग्य हुने ।

महानिर्देशक

कार्यक्रम नं. : २. ६.१.६१

कार्यक्रमको नाम : **Allometric Equation विकासको लागि statistical analysis तालिम**

विनियोजित बजेटः रु ८०००००।००

पृष्ठभुमिः

यस केन्द्रले विभिन्न प्रजातिहरुको Allometric Equation तयार गर्नको लागि आ. व. २०७९/०८० देखि कार्यक्रम सञ्चालन गरिरहेको छ । यो कार्यको तथ्याक विश्लेषण तथा प्रतिवेदन तयारीको लागि विभिन्न ज्ञान सीप आवश्यक पर्ने भएकोले प्रत्येक प्रकृयाको लागि छुट्टाछुट्टै तालिमहरु प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

कार्यक्रम सञ्चालन विधिः

यस कार्यक्रम संचालन गर्न प्रस्ताव तयार गरी सोही बमोजिम लागत अनुमान तयार गरिने छ | यो, तालिम यस केन्द्रमा वा उपत्यकाको आसपासमा आवाशीय रुपमा संचालन गरिने छ | यस केन्द्र र वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायका प्राविधिकहरुलाई यो तालिम प्रदान गरिने छ । यस तालिममा वन तथा वातावरण मन्त्रालय र अन्तर्गत विज्ञ तथा अन्य बाहिरका विज्ञहरुको विज्ञ सेवा खरिद गरी तालिम संचालन गरिने छ । यस कार्यक्रममा विनियोजित रकम आवासीय खर्च, खाना, खाजा, भत्ता, स्टेसनरी, अध्ययन सामग्री, पोकाबन्दि सामाग्री (झोला, हार्ड डाइभ आदि), तथ्याङ्क विश्लेषणका लागि आवश्यक पर्ने software, सवारी साधन, इन्धन, सञ्चार, संयोजन भत्ता, प्रवचन/कार्यपत्र सेसन शुल्क आदिमा खर्च गरिने छ

जनशक्तिः

यस कार्यक्रम यसै केन्द्रका कर्मचारीहरुबाट संयोजन गरी सञ्चालन हुने छ |

**अपेक्षित उपलब्धिः** यस कार्यक्रम सञ्चालन गरे पश्चात प्रमुख सात रुख प्रजातिहरुको Allometric Equation तयार गर्न संकलित तथ्यांकको cleaning, checking, validation र विश्लेशण र प्रतिवेदन लेखन गर्न यस केन्द्रका प्राविधिकहरुमा क्षमता अभिवृद्धि हुनेछ ।

कार्यक्रम नं. : २. ७. ७.४६२

कार्यक्रमको नाम : **प्रमुख रुख प्रजातिको Allometric Equation तयारीका लागि रुख छपान गर्ने कार्य**

विनियोजित बजेटः रु २०,०००००।००



महानिर्देशक

## भूमिकाः

विश्वबैंकको आर्थिक सहयोगमा नेपालका प्रमुख १६ रुख प्रजातिका Allometric Equation तयार गर्ने कार्यक्रम रहेको छ । यस केन्द्रले प्रमुख सात रुख प्रजातिहरू (साल, अस्ना, वोटधङ्गेरो, खोटेसल्ला, उत्तिस, चिलाउने र कटुस) को Allometric Equation तयार गर्नको लागि आ. व. २०७९/०८० देखि कार्यक्रम सञ्चालन गरिरहेको छ । आगामी वर्ष अन्य रुख प्रजातिहरुको पनि तथ्याङ्क संकलन गरी Allometric Equation तयार गर्ने योजना रहेको छ । सोही अनुसार यस वर्ष थप केही रुख प्रजातिहरुको रुख छनौट गर्न छपान गर्ने कार्यक्रम राखिएको छ ।

## कार्यक्रम सञ्चालन विधिः

यो कार्यक्रम संचालन गर्न protocol तथा लागत अनुमान स्वीकृत गरिने छ । यस कार्यक्रम सञ्चालन गर्दा यस अगाडि रेड कार्यान्वायन केन्द्रले उपलव्ध गराएको तथ्याँकहरुको अध्ययन गरिने छ । यस अगाडि नै तयार गरिएको Protocol अनुसार प्रजाति अनुसार के कति रुखहरु थप छनौट गर्नु पर्ने हो, यकिन गरिने छ । रुखहरु सवै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी संख्या र जिल्लाहरु छनौट गरिने छ । प्रजाति, जिल्ला तथा संख्या छनौट गरेपश्चात यस केन्द्रका प्राविधिक कर्मचारीहरु, कार्यालय सहयोगी तथा ईन्टनहरुको सहयोगमा सम्वन्धित डिभिजन वन कार्यालय, संरक्षण क्षेत्र तथा राष्ट्रिय निकुञ्ज कार्यालय तथा सामुदायिक वन उपभोक्ता समिति, नीजि जग्गा धनिहरुको सहयोग तथा समन्वयमा (आवश्यकता अनुसार बैठक बसी) रुखहरु छपान गरिने छ। यस कार्यको थालनी गर्नु पूर्व बैठक बसी कार्य गर्नु पर्ने अवस्थामा आएमा सहभागीहरुलाई यातायात खर्च तथा खाजाको व्यवस्था गरिने छ । यस कार्यक्रममा विनियोजित रकम दैनिक तथा भ्रमण खर्च, गाडी भाडा, इन्धन, फिल्ड गियर खरिद, प्राथमिक उपचारका सामग्री, इनामेल, व्रस, ज्यामी ज्याला, बैठकमा यातायात तथा खाजा खर्च, संचार आदिमा खर्च गरिने छ ।

## जनशक्तिः

यस कार्यक्रम सञ्चालन गर्न यस केन्द्र र वन तथा वातावरण मन्त्रालय वा अन्तर्गतका कर्मचारीहरु परिचालन गरिने छ । साथै ईन्टनहरु समेत परिचालन गरिने छ । यस अतिरिक्त स्थानीय वन कार्यालयका कर्मचारीहरु

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाण्डौं

तथा वन समूहको प्रतिनिधीहरु र छपान कार्यका लागि दैनिक २ जना ज्यामी आवश्यकता अनुसार कार्यमा लगाइने छ ।

**अपेक्षित उपलब्धिः**

यस कार्यक्रम सञ्चालन गरे पश्चात केन्द्रले आगामी आ. व. २०८१/२०८२ मा थप केही रुख प्रजातिहरुको तथ्याङ्क संकलन गर्नका लागि रुखहरु छनौट हुनेछ ।

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं